# आर्थिक सर्वेक्षण २०७८/७९

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

# प्राक्कथन

आर्थिक वर्ष २०७८/७९ चैत्रसम्मको प्रदेशभित्रका आर्थिक, सामाजिक परिसूचक, राजस्व परिचालन र खर्च व्यवस्थापनको अवस्था लगायतका सूचकहरु, राष्ट्रिय अर्थतन्त्रको विद्यमान अवस्थाहरुलाई चित्रण गरी सङ्घीय अर्थ मन्त्रालयबाट सार्वजनिक गरिएको आर्थिक सर्वेक्षण, नेपालको जनगणनाको प्रारम्भिक नतिजा, २०७८, कर्णाली प्रदेश योजना आयोगबाट प्रकाशन गरिएको प्रदेश पार्श्वचित्र, नेपाल राष्ट्र बैङ्क तथा बीमा समितिबाट प्राप्त तथ्याङ्क तथा प्रदेशस्थित विभिन्न विषयगत मन्त्रालयहरुबाट प्राप्त प्राथमिक तथा द्वितीय तथ्याङ्कहरुलाई समावेश गरी **आर्थिक सर्वेक्षण २०७८/७९** प्रकाशन गरिएको छ।

कर्णाली प्रदेश सरकारको स्थापना पश्चात् पहिलो पटक आर्थिक सर्वेक्षण गरिएको छ। यस सर्वेक्षणमा कोभिड-१९ विरुद्धको प्रतिकार्य, प्रदेशको समग्र आर्थिक स्थिति, सार्वजनिक वित्त, वित्तीय क्षेत्र, गरिबी निवारण, रोजगारी, सुशासन तथा सामान्य प्रशासन, कृषि, वन, उद्योग, वाणिज्य आपूर्ति र पर्यटनका साथै भौतिक पूर्वाधार, जलस्रोततर्फका परिसूचकहरुलाई समावेश गरिएको छ।

कर्णाली प्रदेशको यो पहिलो प्रयास भएकोले उपलब्ध भएसम्मका विगत वर्षका तथ्याङ्कहरु, स्रोत साधन र जनशक्तिबाट गरिएको छ। आगामी आर्थिक वर्षदेखि यसलाई वस्तुगत र उपयोगी बनाउने कार्यमा सबै महानुभावहरुको रचनात्मक सुझावको अपेक्षा गरेको छु।

यो प्रकाशन अर्थतन्त्रमा अभिरुची राख्ने अर्थशास्त्री, अनुसन्धानकर्ता, लगानीकर्ता, उद्यमी, व्यापारी, शिक्षक, विद्यार्थी लगायत सबै सरोकारवालाहरुलाई उपयोगी हुने विश्वास लिएको छु। आर्थिक सर्वेक्षण तयारी कार्यमा संलग्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सम्पूर्ण कर्मचारीहरु, आवश्यक तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउने सम्पूर्ण विषयगत मन्त्रालय, सबै निकाय तथा पदाधिकारीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु।

जेठ, २०७९

**विन्दमान विष्ट**
मन्त्री

# तालिका सूची


तालिका १.१: कर्णाली प्रदेश सम्बन्धी विवरण

तालिका १.२: कर्णाली प्रदेशभित्रका स्थानीय तह सम्बन्धी विवरण

तालिका १.३: कर्णाली प्रदेशको जनसङ्ख्या/लैङ्गिक अनुपात/परिवारको औसत आकार/जनघनत्व

तालिका २.१: विगत चार आर्थिक वर्षको कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मुल्यमा, रु. दश लाखमा)

तालिका २.२: कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना (आधारभूत मूल्यमा , रु. दश लाखमा)

तालिका २.३: कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान (प्रतिशतमा)

तालिका ३.१: विगत पाँच वर्षको वार्षिक बजेट (रु. करोडमा)

तालिका ३.२: कर्णाली प्रदेशको दुई आर्थिक वर्षको खर्च (रु. करोडमा)

तालिका ३.३: वार्षिक बजेटको तुलनामा खर्च (प्रतिशतमा)

तालिका ३.४: राजस्व परिचालनको अवस्था (रु. करोडमा)

तालिका ३.५: आन्तरिक राजस्वको तुलनात्मक विवरण (रु. हजारमा)

तालिका ३.६: खर्च र राजस्वको अवस्था (प्रदेशको कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)

तालिका ३.७: तीन आर्थिक वर्षमा सङ्घीय सरकारबाट अनुदान प्राप्ति र खर्चको विवरण (रु. हजारमा)

तालिका ३.८: तीन आर्थिक वर्षमा स्थानीय तहमा हस्तान्तरण भएको बजेट र निकासाको विवरण (रु. हजारमा)

तालिका ४.१: कर्णाली प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या

तालिका ४.२: कर्णाली प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाको बैंकिङ्ग सेवाको अवस्था

तालिका ४.३: कर्णाली प्रदेशमा निक्षेप सङ्कलनको अवस्था

तालिका ५.१: गरिबीको अवस्था (प्रतिशतमा)

तालिका ५.२: प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी विवरण

तालिका ६.१: आर्थिक वर्ष २०७८/७९ मा प्रमुख खाद्यान्न बालीको प्रदेशगत उत्पादनको अनुपात (प्रतिशतमा)

तालिका ६.२: तरकारी, फलफुल, मासु र अन्य उत्पादन (मे. टनमा)

तालिका ६.३: प्रदेशगत वन क्षेत्रको स्थिति

तालिका ६.४: कर्णाली प्रदेशमा वन क्षेत्रको स्थिति
तालिका ७.१: कर्णाली प्रदेशमा दर्ता भएका लघु, घरेलु तथा साना उद्योगको विवरण (आर्थिक वर्ष २०७७/७८)
तालिका ८.१: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको सडकको अवस्था (किलोमिटरमा)
तालिका ८.२: कर्णाली प्रदेश सरकारबाट निर्माण भएका पुलहरुको विवरण
तालिका ८.३: कर्णाली प्रदेशमा दर्ता भएका सवारी साधनहरुको विवरण
तालिका ८.४: कर्णाली प्रदेशमा भएको उडान सङ्ख्या र यात्रु उडानको विवरण
तालिका ८.५: कर्णाली प्रदेशमा विद्युत पहुँको अवस्था
तालिका ८.६: कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको प्रक्षेपण
तालिका ८.७: कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनामा खानेपानी/सरसफाई सुविधा सम्बन्धी प्रक्षेपण
तालिका ९.१: कर्णाली प्रदेशमा सामाजिक क्षेत्रका केही प्रमुख सूचकहरूको तुलनात्मक अवस्था
तालिका ९.२: कोभिड-१९ सँग सम्बन्धित जिल्लागत विवरण (आर्थिक वर्ष २०७७/७८)
तालिका ९.३: कर्णाली प्रदेशका जिल्लाहरुमा विभिन्न प्रकोप तथा घटनाबाट मृत्यु तथा घाइतेहरुको सङ्ख्या
तालिका ९.४: सडक दुर्घटना सम्बन्धी जिल्लागत विवरण

# चार्ट सूची


चार्ट २.१: कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन र वृद्धिदर

चार्ट २.२: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा)

चार्ट २.३: प्रदेशस्तगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)

चार्ट २.४: कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (प्रतिशतमा)

चार्ट २.५: कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)

चार्ट २.६: आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रहरुको योगदान (प्रतिशतमा)

चार्ट ३.१: कर्णाली प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण गरिएको अनुदानको विवरण

चार्ट ४.१: बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)

चार्ट ५.१: प्रदेशगत गरिबीको अवस्था (प्रतिशतमा)

चार्ट ५.२: कर्णाली प्रदेशका जिल्लाहरुको रोजगार र सक्रिय जनसङ्ख्याको अवस्था (प्रतिशतमा)

# छोटकरी रूप

| | |
|---|---|
| BMIS: | Budget Management Information System |
| C-GAS: | Computerized Government Accounting System |
| COVID: | Corona Virus Disease 2019 |
| GVA: | Gross Value Added |
| LMBIS | Line Ministry Budget Information System |
| PAMS: | Public Asset Management System |
| PLMBIS: | Provincial Line Ministry Budget Information System |
| RMIS: | Revenue Management Information System |
| SEE: | Secondary Education Examination |
| SuTRA: | Sub-National Treasury Regulatory Application |
| TSA: | Treasury Single Account |
| कि. मी : | किलोमिटर |
| गा.पा. : | गाउँपालिका |
| न. पा. : | नगरपालिका |
| मे. वा. : | मेगावाट |

# कार्यकारी सारांश

१. आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (उपभोक्ताको मूल्यमा) ५.८४ प्रतिशत रहने अनुमान छ भने आधारभूत मूल्यमा आर्थिक वृद्धिदर ५.४९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ४.२५ प्रतिशत रहेको थियो।

२. आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु. ४८ खर्ब ५१ अर्ब ६३ करोड हुने अनुमान रहेको छ। गत आर्थिक वर्ष राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन रु. ४२ खर्ब ७७ अर्ब ३० करोड रहेको थियो।

३. चालु आर्थिक वर्षमा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ५.४७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर ४.३४ प्रतिशत रहेको थियो।

४. आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु. १ खर्ब ९७ अर्ब ९९ करोड रहने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादन रु. १ खर्ब ७५ अर्ब ५५ करोड रहेको थियो।

५. आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको अंश ३.९४ प्रतिशत रहेको थियो भने चालु आर्थिक वर्षमा यो अंश बढेर ४.०८ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षमा यस्तो अंश ४.१० प्रतिशत रहेको थियो।

६. आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कृषि क्षेत्रको वृद्धिदर ३.२२ प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धिदर ६.५० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यो वृद्धिदर ३.४४ प्रतिशत र ४.१६ प्रतिशत रहेको थियो।

७. आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५ प्रतिशत, ११.१ प्रतिशत र ५७.४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः ३२.२ प्रतिशत, १०.८ प्रतिशत र ५७.० प्रतिशत रहेको थियो।

८. आर्थिक वर्ष २०७८/७९ मा नेपालको प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कुल राष्ट्रिय उत्पादन) १,३८१ अमेरिकी डलर रहने अनुमान छ भने कर्णाली प्रदेशको प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन) ९६४ अमेरिकी डलर रहने अनुमान छ।

९. बहुआयामिक गरिबी दर राष्ट्रिय औषतमा १७.४० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको बहुआयामिक गरिबी दर ३९.५ प्रतिशत छ।

१०. आर्थिक वर्ष २०७८/७९ चैत्रसम्म कर्णाली प्रदेश सरकारको खर्च गत वर्षको सोही अवधिको तुलनामा ३०.६८ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ४ करोड ११ लाख रहेको छ। चालु आर्थिक वर्षको चैतसम्म चालु र पुँजीगत खर्च क्रमशः रु ४ अर्ब १ करोड ५० लाख र ४ अर्ब २ करोड ६१ लाख रहेको छ।

११. आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारबाट समानीकरण, सशर्त, समपूरक र विशेष गरी रु. १४ अर्ब ६४ करोड १४ लाख ८३ हजार अनुदान प्राप्त भई रु. १२ अर्ब ९५ करोड ७२ लाख ९० हजार खर्च भएको छ।

१२. आर्थिक वर्ष २०७६/७७ मा आन्तरिक राजस्व तर्फ रु. २३ करोड ४४ लाख ७४ हजार प्राप्ति भएको थियो भने आर्थिक वर्ष २०७७/७८ मा रु. ६३ करोड ९४ लाख ९२ हजार प्राप्ति भएको छ। चालु आर्थिक वर्षको चैत्रसम्म रु. ४४ करोड ४३ लाख ८२ हजार राजस्व प्राप्ति भएको छ जुन कुल राजस्व लक्ष्यको ७४.१ प्रतिशत हो।

१३. आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशमा ४२.४१ प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको छ भने गत आर्थिक वर्ष ३६.९० प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको थियो।

१४. २०७८ फागुनसम्म कर्णाली प्रदेशका ७८ वटा स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ भने जाजरकोट जिल्लाको जुनिचाँदे गाउँपालिकामा वाणिज्य बैङ्कको शाखा स्थापना हुन बाँकी छ।

१५. २०७८ फागुनसम्म कर्णाली प्रदेशमा वाणिज्य बैङ्कको सङ्ख्या १९७, विकास बैङ्कको सङ्ख्या २१, वित्त कम्पनीका ३ तथा लघुवित्त संस्थाका २३० गरी कुल ४५१ बैङ्क तथा वित्तीय संस्थाका शाखा पुगेका छन्। गत आर्थिक वर्ष बैङ्क तथा वित्तीय संस्थाका कुल शाखा ४१२ रहेको थियो।

१६. २०७८ फागुनसम्म कर्णाली प्रदेशमा जीवन तथा निर्जीवन बिमकको शाखा सङ्ख्या १९१ रहेको छ जसमध्ये जीवन बिमकको शाखा सङ्ख्या १४५ र निर्जीवन बिमकको शाखा सङ्ख्या ४६ रहेको छ।

१७. २०७८/७९ फागुनसम्म कर्णाली प्रदेश अन्तर्गतका बैङ्क तथा वित्तीय संस्थाले प्रति शाखा सेवा प्रवाह गरेको जनसङ्ख्या ३,७५८ रहेको छ जुन गत वर्षको सोही अवधिमा ४,५२२ रहेको थियो।

१८. आर्थिक वर्ष २०७८/७९ मा देशभर धान बालीको उत्पादन ५१ लाख ३० हजार ६ सय २५ मेट्रिक टन रहने अनुमान छ भने कर्णाली प्रदेशमा धान बालीको उत्पादन १ लाख २५ हजार १ सय ८७ मेट्रिक टन रहने अनुमान छ। उत्पादित धान बालीमध्ये सबैभन्दा बढी मधेश प्रदेशमा २७.०२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा २.४४ प्रतिशत रहने अनुमान छ।

१९. आर्थिक वर्ष २०७८/७९ मा जौ को उत्पादन सबैभन्दा बढी कर्णाली प्रदेशमा ४१.५७ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा ०.५३ प्रतिशत हुने अनुमान छ।

२०. कर्णाली प्रदेशको कुल भू-भागको ४२.२९ प्रतिशत वन क्षेत्र रहेको छ। प्रदेशगत रुपमा हेर्दा नेपालको सबैभन्दा बढी वन क्षेत्र कर्णाली प्रदेशमा छ भने सबैभन्दा कम वन क्षेत्र मधेश प्रदेशमा रहेको छ।

२१. कर्णाली प्रदेशको कुल जनसङ्ख्या १६ लाख ९४ हजार ८ सय ८९ रहेको छ। दश वर्षको अवधिमा यस प्रदेशको जनसङ्ख्या ७.९३ प्रतिशतले बढेको छ। वार्षिक जनसङ्ख्या वृद्धिदर ०.७३ प्रतिशत रहेको छ।

२२. कर्णाली प्रदेशको लैङ्गिक अनुपात ९५.५८ रहेको छ। यस प्रदेशका जिल्लाहरु मध्ये सबैभन्दा बढी लैङ्गिक अनुपात हुम्ला जिल्लामा १०१.७० र सबैभन्दा कम लैङ्गिक अनुपात दैलेख जिल्लामा ९२.४३ रहेको छ।

२३. कर्णाली प्रदेशमा उमेर १० वर्षभन्दा माथिको आर्थिकरुपले सक्रिय जनसङ्ख्या ५९ प्रतिशत रहेको छ।

# विषय सूची

प्राक्कथन

तालिका सूची

चार्ट सूची

छोटकरी रुप

कार्यकारी सारांश

| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | प्रदेशको समग्र आर्थिक स्थिति | ५ |
| ३. | सार्वजनिक वित्त | ११ |
| ४. | बैङ्क तथा वित्तीय संस्था | १८ |
| ५. | गरिबी निवारण र रोजगारी | २१ |
| ६. | कृषि, वन तथा भूमिसुधार | २५ |
| ७. | उद्योग, पर्यटन र आपूर्ति | २९ |
| ८. | भौतिक पूर्वाधार, यातायात र उर्जा | ३१ |
| ९. | सामाजिक क्षेत्र | ३६ |
| १०. | सार्वजनिक सेवा र सुशासन | ४३ |

अनुसूचीहरु ४५

# १. परिचय

सङ्घीय शासन प्रणाली अनुरुप पुनर्संरचना गरी बनेका ७ प्रदेश मध्ये कर्णाली प्रदेशमा १० वटा जिल्लाहरु रहेका छन्। विविध हावापानीका साथै धरातलीय तथा जैविक विविधता भएको र क्षेत्रफ़लका हिसावले नेपालको सात प्रदेशमध्ये कर्णाली प्रदेश सवैभन्दा ठुलो प्रदेश हो। यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी ७९ वटा स्थानीय तहमा ७१८ वडाहरु रहेका छन्। यो प्रदेश २८ डिग्री १० मिनेट ७ सेकेन्ड उत्तरी अक्षांशदेखि ३० डिग्री २६ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांशसम्म र ८० डिग्री ५८ मिनेट ५८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८३ डिग्री ४० मिनेट ५७ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यो प्रदेश समुन्द्र सतहबाट सबैभन्दा होंचो भू-भाग कर्णाली र भेरीको दोभान जामु कुइने १८० मिटर उचाईमा रहेको छ भने सबैभन्दा उच्च भू-भाग डोल्पा जिल्लाको चुरेन हिमाल ७,३४८ मिटर उचाईमा रहेको छ।

राष्ट्रिय जनगणना २०७८ (प्रारम्भिक नतिजा) अनुसार कर्णाली प्रदेशको जनसङ्ख्या १६ लाख ९४ हजार ८ सय ८९ रहेको छ। कर्णाली प्रदेशको बहुआयामिक गरिबी दर ३९.५ प्रतिशत रहेको छ, जुन राष्ट्रिय दर १७.४ प्रतिशतको तुलनामा निकै उच्च रहेको छ।

जातीय, भाषिक तथा सांस्कृतिक विविधता रहेको यस प्रदेशमा मुख्य रुपमा क्रमशः क्षेत्री, कामी, मगर, ठकुरी, दमाई, पहाडी ब्राह्मण, गुरुङ लगायतका जातिहरुको बसोबास रहेको छ भने, नेपाली, खस, राजी, राउटे, मगर, खाम, काइके, तामाङ, मगर, थारु, मुगाली, कार्मरोंग, भोटेखाम मुख्य रुपमा बोलिने भाषाको रुपमा परिचित छन्। यस प्रदेशमा विभिन्न जात/जाति, भाषाभाषी, धार्मिक सम्प्रदायका बीच लामो समयदेखि धार्मिक सहिष्णुता, जातीय एवं भाषिक सहअस्तित्व कायम रहेको छ।

सुन्दर पहाड, हिमवत खण्ड, उच्च हिम शृखला लगायत प्राकृतिक सम्पदाले भरिपूर्ण असङ्ख्य मन्दिर, पाटी पौवा गुम्बा, धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण रहेको कर्णाली प्रदेश पर्यटनका दृष्टिले पर्याप्त सम्भावना रहेको छ। धर्म तथा लोक संस्कृतिको अनुपम थलोको रुपमा रहेको यस प्रदेशका महत्वपूर्ण प्राचीन स्थलहरु जस्तै सुर्खेतको काँक्रेविहार, देउतीबज्यै, सिद्वपाइला, कालिकोटको कालिका, महाबु, जुम्लाको चन्दननाथ, भैरवनाथ, कनकासुन्दरी, हुम्लाको खार्पुनाथ लगायत बाह्र देउताका मष्टहरु, मुगुको छायाँनाथ, डोल्पाको त्रिपुरासुन्दरी देवी, शे-गुम्बा तथा दैलेखको पन्चदेवल र पञ्चकोशी आदि महत्वपूर्ण धार्मिक पर्यटकीय स्थल रहेका छन्।

कर्णाली प्रदेश हिमाल, पहाड, तराईमा अवस्थित रहेको हुँदा हावापानीमा विविधता, जडिबुटीको प्रचुर सम्भावना, उच्च हिमाली भू-भागमा चौंरी, भेडा तथा च्याङ्ग्रा एवं पहाडी जिल्लाहरुमा गाई, भैसी, बाख्रा, तथा कुखुरा पालन भएको पाइन्छ। विभिन्न पर्यटकीय गन्तव्यहरु, भौगोलिक तथा जैविक विविधताले भरीपूर्ण प्राग इतिहास र संस्कृति रहेको कर्णाली प्रदेश पर्या-पर्यटनको हिसाबले ठुलो हिस्सा ओगटेको छ। नेपाल सरकारले "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय लक्ष्य अनुरुप कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) मा "**समृद्ध कर्णाली, सुखारी कर्णालीबासी**" भन्ने दीर्घकालीन सोच रहेको छ। सोही अनुरुप सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको व्यापक सहभागितामा ७९ वटा स्थानीय तहको विकासका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्यहरु निर्धारण गरी अपेक्षित नतिजा हाँसिल गर्न कर्णाली सोंच २१०० को निर्माण गरी आर्थिक वर्ष २०८०/८१ सम्ममा अति कम विकसित प्रदेशको स्तरबाट मध्यमस्तरमा स्तरोन्नति भई दिगो विकासका आवधिक लक्ष्य/सूचकहरु हासिल गर्दै वार्षिक प्रतिव्यक्ति आय १,१४७ अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिएको छ।

## प्रदेशको भौगोलिक अवस्थाः

**तालिका १.१ः कर्णाली प्रदेश सम्बन्धी विवरण**

| विवरण | अवस्था |
|---|---|
| जिल्ला | १० |
| जनघनत्व | ६१ |
| सङ्घीय निर्वाचन क्षेत्र | १२ |
| प्रादेशिक निर्वाचन क्षेत्र | २४ |
| नगरपालिका | २५ |
| गाउँपालिका | ५४ |
| कुल जनसङ्ख्या | १६९४८८९ |
| पुरुष | ८२८३०७ |
| महिला | ८६६५८२ |
| जनसङ्ख्या वृद्धिदर | ०.७३ |
| परिवारको औसत आकार | ४.५७ |
| लैङ्गिक अनुपात | ९५.५८ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, जनगणना २०७८ (प्रारम्भिक)/कर्णाली प्रदेश पार्श्वचित्र २०७६*

## तालिका १.२: कर्णाली प्रदेश भित्रका स्थानीय तह सम्बन्धी विवरण

| जिल्ला | कुल स्थानीय तह सङ्ख्या | नगरपालिका संङ्ख्या | गाउँपालिका संङ्ख्या | कुल वडा संङ्ख्या |
|---|---|---|---|---|
| रुकुम पश्चिम | ६ | ३ | ३ | ७३ |
| सल्यान | १० | ३ | ७ | ८३ |
| सुर्खेत | ९ | ५ | ४ | ९९ |
| दैलेख | ११ | ४ | ७ | ९० |
| जाजरकोट | ७ | ३ | ४ | ७७ |
| डोल्पा | ८ | २ | ६ | ६५ |
| जुम्ला | ८ | १ | ७ | ६० |
| कालिकोट | ९ | ३ | ६ | ८२ |
| मुगु | ४ | १ | ३ | ४५ |
| हुम्ला | ७ | ० | ७ | ४४ |
| कर्णाली प्रदेश | ७९ | २५ | ५४ | ७१८ |
| **नेपाल** | **७५३** | **२९३** | **४६०** | **६७४३** |

***स्रोतः*** *कर्णाली प्रदेश पार्श्वचित्र, २०७६*

## तालिका १.३: कर्णाली प्रदेशको जनसङ्ख्या/लैङ्गिक अनुपात/परिवारको औसत आकार/जनघनत्व

| विवरण | जम्मा जनसङ्ख्या | पुरुष | महिला | लैङ्गिक अनुपात | परिवारको औसत आकार | जनघनत्व | वार्षिक जनसङ्ख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | ४१७७७६ | २०२०३६ | २१५७४० | ९३.६५ | ४.२१ | १७० | १.६८ |
| दैलेख | २५३३१९ | १२१६७५ | १३१६४४ | ९२.४३ | ४.५५ | १६९ | -०.३१ |
| जाजरकोट | १८९३६५ | ९३७९५ | ९५५७० | ९८.१४ | ४.९८ | ८५ | ०.९६ |
| सल्यान | २३८६६८ | ११४९५३ | १२३७१५ | ९२.९२ | ४.३१ | १६३ | -०.१५ |
| रुकुम पश्चिम | १६६३५४ | ८१०६३ | ८५२९१ | ९५.०४ | ४.४१ | १३७ | ०.६५ |
| जुम्ला | ११९३७७ | ५९८३६ | ५९५४१ | १००.५० | ४.८७ | ४७ | ०.८८ |
| हुम्ला | ५५४९६ | २७९८२ | २७५१४ | १०१.७० | ४.८३ | १० | ०.८४ |

| विवरण | जम्मा जनसङ्ख्या | पुरुष | महिला | लैङ्गिक अनुपात | परिवारको औसत आकार | जनघनत्व | वार्षिक जनसङ्ख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| **डोल्पा** | ४२९५९ | २१२७६ | २१६८३ | ९८.१२ | ४.५६ | ५ | १.५१ |
| **मुगु** | ६६६५८ | ३३४४८ | ३३२१० | १००.७२ | ५.३२ | १९ | १.८० |
| **कालिकोट** | १४४९१७ | ७२२४३ | ७२६७४ | ९९.४१ | ५.३८ | ८३ | ०.५४ |
| **कर्णाली प्रदेश** | **१६९४८८९** | **८२८३०७** | **८६६५८२** | **९५.५८** | **४.५७** | **६१** | **०.७३** |
| **नेपाल** | **२९१९२४८०** | **१४२९१३११** | **१४९०११६९** | **९५.९१** | **४.३२** | **१९८** | **०.९३** |

***स्रोत:*** *जनगणना २०७८ (प्रारम्भिक)*

## २. प्रादेशको समग्र आर्थिक स्थिति


२.१ आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (उपभोक्ताको मूल्यमा) ५.८४ प्रतिशत रहने अनुमान छ भने आधारभूत मूल्यमा आर्थिक वृद्धिदर ५.४९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ४.२५ प्रतिशत रहेको थियो। कोभिड-१९ महामारीको असर क्रमशः कम हुँदै गए सँगै आर्थिक गतिविधि पूर्णरुपमा सञ्चालन हुने अनुमान रहेको छ।

२.२ आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु. ४८ खर्ब ५१ अर्ब ६३ करोड रहने अनुमान छ भने आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादन रु. ४२ खर्ब ७७ अर्ब ३० करोड रहेको थियो।

२.३ आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. १ खर्ब ९७ अर्ब ९९ करोड रहने अनुमान छ। गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादन रु. १ खर्ब ७५ अर्ब ५५ करोड रहेको थियो। कोभिड-१९ महामारीको कारणले आर्थिक गतिविधिमा आएको कमी संगै आर्थिक वर्ष २०७६/७७ मा समग्र राष्ट्रिय अर्थतन्त्रमा संकुचन भएकोमा कोभिड-१९ महामारीको बाबजुत कर्णाली प्रदेशको आर्थिक वृद्धिदर १.३९ प्रतिशत रहेको थियो।

२.४ आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५.४७ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.३४ प्रतिशत रहेको थियो।


**चार्ट २.१: कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन र वृद्धिदर**




***स्रोत:*** *केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

२.५ आर्थिक वर्ष २०७८/७९ को राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको सबैभन्दा बढी ३६.९१ प्रतिशत अंश रहेको छ भने कर्णाली प्रदेशको सबैभन्दा कम ४.०८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा बागमती प्रदेशको यस्तो अंश ३६.६७ प्रतिशत र कर्णाली प्रदेशको ४.१० प्रतिशत रहेको थियो।


**चार्ट २.२: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा)**




***स्रोत:*** *केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

२.६ आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ६.७४ प्रतिशत र मधेश प्रदेशको वृद्धिदर सबैभन्दा कम ४.८२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा पनि बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ४.५८ प्रतिशत र गण्डकी प्रदेशको वृद्धिदर सबैभन्दा कम ३.७३ प्रतिशत रहेको थियो।

**चार्ट २.३: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)**




***स्रोत:*** *केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

२.७ आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको अंश ३.९४ प्रतिशत रहेको थियो भने चालु आर्थिक वर्षमा यो अंश बढेर ४.०८ प्रतिशत पुगेको छ। यसैगरी गत आर्थिक वर्षमा यस्तो अंश ४.१० प्रतिशत रहेको थियो।

**तालिका २.१: विगत चार आर्थिक वर्षको कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मुल्यमा, रु. दश लाखमा)**

| विवरण/आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| **राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन** | ३८५८९३१ | ३८८८७०४ | ४२७७३०२ | ४८५१६२५ |
| **कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन** | १५१८९२ | १६१५२७ | १७५५५८ | १९७९९८ |
| **अंश (प्रतिशतमा)** | ३.९४ | ४.१५ | ४.१० | ४.०८ |

***स्रोतः*** *केन्द्रीय तथ्याङ्क विभाग*

२.८ आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र र गैर कृषि क्षेत्रको योगदान क्रमशः ४०.१२ प्रतिशत र ५९.८८ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः ४०.८७ प्रतिशत र ५९.१३ प्रतिशत रहेको थियो।

२.९ आर्थिक वर्ष २०७८/७९ मा कृषि क्षेत्रको वृद्धिदर ३.२२ प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धिदर ६.५० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.४४ प्रतिशत र ४.१६ प्रतिशत रहेको थियो।

२.१० आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (आधारभूत मुल्यमा) रु. १ खर्ब ६७ अर्ब ४० करोड मध्ये प्राथमिक क्षेत्र रु. ५३ अर्ब ९ करोड, द्धितीयक क्षेत्र १८ अर्ब १८ करोड ३० लाख र सेवा क्षेत्र रु. ९६ अर्ब १३ करोड ६० लाख रहने अनुमान छ।


**२.२: कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना (आधारभूत मूल्यमा, रु. दश लाखमा)**

| क्षेत्र/आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९* |
|---|---|---|---|---|
| **प्राथमिक** | ४४७७१ | ४६१८० | ४८६४८ | ५३०९० |
| **द्धितीयक** | १५९५१ | १५३२७ | १५८३५ | १८१८३ |
| **सेवा** | ७२२५७ | ८०८५१ | ८५६१७ | ९६१३६ |
| **जम्मा** | **१३२९७९** | **१४२३५८** | **१५०१००** | **१६७४०९** |

***स्रोतः*** *केन्द्रीय तथ्याङ्क विभाग, २०७८* *अनुमानित

२.११ आर्थिक वर्ष २०७८/७९ मा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ३.२५ प्रतिशत, ८.३४ प्रतिशत र ५.९६ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर क्रमशः ३.४८ प्रतिशत, ४.११ प्रतिशत र ४.१४ प्रतिशत रहेको थियो।


**चार्ट २.४: कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (प्रतिशतमा)**




*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

२.१२ आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको योगदान क्रमशः ३१.७१ प्रतिशत, १०.८६ प्रतिशत र ५७.४३ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः ३२.४१ प्रतिशत, १०.८६ प्रतिशत र ५७.४३ प्रतिशत रहेको थियो।

**चार्ट २.५: कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)**




*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

२.१३ आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५ प्रतिशत, ११.१ प्रतिशत र ५७.४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः ३२.२ प्रतिशत, १०.८ प्रतिशत र ५७.० प्रतिशत रहेको थियो।


**तालिका २.३: कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान (प्रतिशतमा)**

| क्षेत्र/आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| कृषि | ३३.१ | ३२.२ | ३२.२ | ३१.५ |
| उद्योग | १२.६ | ११.० | १०.८ | ११.१ |
| सेवा | ५४.३ | ५६.८ | ५७.० | ५७.४ |

***स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

२.१४ आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन र मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी ३१.५० प्रतिशत रहने अनुमान छ भने प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरुको सबैभन्दा कम ०.१९ प्रतिशत रहेको छ।

**चार्ट २.६: आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रहरुको योगदान (प्रतिशतमा)**




***स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

२.१५ आर्थिक वर्ष २०७८/७९ मा नेपालको प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कुल राष्ट्रिय उत्पादन) १,३८१ अमेरिकी डलर रहने अनुमान छ भने कर्णाली प्रदेशको प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन) ९६४ अमेरिकी डलर रहने अनुमान छ। चालु आर्थिक वर्षमा बागमती प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा बढी २,४३० अमेरिकी डलर र मधेश प्रदेशको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा न्यून ८६८ अमेरिकी डलर रहने अनुमान छ।

# ३. सार्वजनिक वित्त

३.१ बजेट प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनमा कर्णाली प्रदेश सरकारको स्थापना देखि नै कानुनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधारबाट अपेक्षित परिणामहरु देखिन थालेका छन्। बजेट प्रणालीमा क्रमशः सुधार हुँदै गएको छ। सार्वजनिक खर्चको पारदर्शिता र गुणस्तर अभिवृद्धि भएको छ। "सामाजिक न्याय सहित दिगो, फराकिलो र तीव्र विकास" को दीर्घकालीन सोच सहित प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) तर्जुमा भई कार्यान्वयनमा रहेको छ।

३.२ कर्णाली प्रदेश सरकार गठन पश्चात् वित्तीय सङ्घीयता कार्यान्वयन गर्न संरचनागत व्यवस्था हुँदै गएका छन्। अधिकांश संरचना तयार भई पूर्ण कार्यान्वयनको चरणमा रहेको छ। कर्णाली प्रदेशमा सङ्घबाट चार किसिमका अनुदान प्रत्येक आर्थिक वर्षमा प्राप्ति भएको छ। प्रदेशबाट पनि स्थानीय तहमा चार प्रकारका अनुदान मार्फत् आयोजना तथा कार्यक्रमका लागि वित्तीय हस्तान्तरण गरिएको छ। प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), एकल खाता कोष प्रणाली (TSA). C-GAS, BMIS र PAMS कार्यान्वयनमा आएको छ।

३.३ विनियोजन कुशलता हाँसिल गर्न प्रदेश आयोजना बैङ्कको स्थापना, मध्यमकालीन खर्च संरचना तर्जुमा र आयोजना तथा कार्यक्रम छनौट प्रणालीलाई व्यवस्थित गर्न बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५ र कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन, २०७५ तर्जुमा गरी कार्यान्वयनमा आएको छ।

## सरकारी वित्त

३.४ आर्थिक वर्ष २०७८/७९ मा रु. ३६ अर्ब ५४ करोड ६६ लाख बजेट विनियोजन भएको मध्ये चालु तर्फ रु. ११ अर्ब ४९ करोड २८ लाख, पुँजीगत तर्फ २१ अर्ब ६५ करोड ३९ लाख र वित्तीय हस्तान्तरण तर्फ रु. ३ अर्ब ४० करोड रहेको छ। जुन गत आर्थिक वर्षको तुलनामा ९.२३ प्रतिशतको वृद्धि हो। आर्थिक वर्ष २०७७/७८ को कुल बजेटमा चालु, पुँजीगत र वित्तीय हस्तान्तरणको हिस्सा क्रमशः ३४.६० प्रतिशत, ५६.५२ प्रतिशत र ८.८८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको बजेटमा यस्तो हिस्सा क्रमशः ३१.४५ प्रतिशत, ५९.२५ प्रतिशत र ९.३० प्रतिशत रहेको छ।

### तालिका ३.१: विगत पाँच वर्षको वार्षिक बजेट (रु. करोडमा)

| वजेट | आर्थिक वर्ष | | | | | प्रतिशत परिवर्तन | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| चालु वजेट | ४३.८४ | ६६३.८५ | १३०५.९७ | ११६७.५७ | ११४९.२८ | १४१४.२ | ९६.७ | -१०.६ | -१.६ |
| पुँजीगत वजेट | ५८.२१ | २१२४.४३ | १९४९.८१ | १९०६.९१ | २१६५.३९ | ३५४९.६ | -८.२ | -२.२ | १३.६ |
| वित्तीय हस्तान्तरण | ०.०० | ४०.०० | १७९.५७ | २९९.६५ | ३४०.०० | | ३४८.९ | ६६.९ | १३.५ |
| **कुल बजेट** | **१०२.०५** | **२८२८.२८** | **३४३५.३४** | **३३७४.१४** | **३६५४.६६** | **२६७१.५** | **२१.५** | **-१.८** | **८.३** |

**स्रोतः** आर्थिक मामिला तथा योजना मन्त्रालय, २०७८

३.५ आर्थिक वर्ष २०७८/७९ को चैत्रसम्म प्रदेश सरकारको कुल खर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३०.६८ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ४ करोड १० लाख रहेको छ। आर्थिक वर्ष २०७७/७८ को चैत्रसम्म कर्णाली प्रदेशको कुल खर्च रु. ६ अर्ब १५ करोड ३२ लाख रहेको थियो। चालु आर्थिक वर्षको चैत महिनासम्म चालु र पुँजिगत खर्च क्रमशः रु ४ अर्ब १ करोड ५० लाख र ४ अर्ब २ करोड ६१ लाख रहेको छ।

### तालिका ३.२: कर्णाली प्रदेशको दुई आर्थिक वर्षको खर्च (रु. करोडमा)

| विवरण | आर्थिक वर्ष २०७७/७८ | | | आर्थिक वर्ष २०७८/७९ | | | प्रतिशत परिवर्तन (खर्च) |
|---|---|---|---|---|---|---|---|
| | विनियोजित बजेट | चैत्रसम्मको खर्च | प्रतिशत | विनियोजित बजेट | चैत्रसम्मको खर्च | प्रतिशत | |
| **चालु** | १४६७.२२ | ३१४.०४ | २१.४० | १४४४.४७ | ४०१.५० | २७.८० | २७.८५ |
| **पुँजीगत** | १९०६.९१ | ३०१.२८ | १५.८० | २२४३.८० | ४०२.६१ | १७.९४ | ३३.६३ |
| **जम्मा** | **३३७४.१४** | **६१५.३२** | **१८.२४** | **३६८८.२७** | **८०४.१०** | **२१.८०** | **३०.६८** |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, २०७८*

३.६ आर्थिक वर्ष २०७४/७५ को कुल विनियोजित बजेट मध्ये कुल खर्च २२.९६ प्रतिशत भएको थियो भने आर्थिक वर्ष २०७७/७८ मा यो खर्च बढेर ६५.३२ प्रतिशत भएको छ। आर्थिक वर्ष २०७४/७५ मा कुल विनियोजित पुँजीगत बजेट मध्ये पुँजीगत खर्च १९.१८ प्रतिशत भएको थियो भने आर्थिक वर्ष २०७७/७८ मा ७१.१६ प्रतिशत भएको छ।

**तालिका ३.३: वार्षिक बजेटको तुलनामा खर्च (प्रतिशतमा)**

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| पुँजीगत खर्च | १९.१८ | २४.६६ | ४४.७८ | ७१.१६ |
| चालु खर्च | २७.९८ | ७६.९८ | ५६.२४ | ७२.५५ |
| जम्मा खर्च (प्रतिशतमा) | २२.९६ | ३५.३७ | ४९.१४ | ६५.३२ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, २०७८*

३.७ आर्थिक वर्ष २०७५/७६ मा प्रदेशको कुल राजस्व परिचालन रु. ६ अर्ब ४१ करोड ३४ लाख मध्ये सङ्घीय सरकारबाट प्राप्त राजस्व रु. ६ अर्ब ३४ करोड ३१ लाख र आन्तरिक स्रोतबाट प्राप्त राजस्व रु. ७ करोड ३ लाख रहेको थियो। आर्थिक वर्ष २०७७/७८ मा कुल राजस्व अघिल्लो वर्षको तुलनामा ३०.२२ प्रतिशतले बढेर रु. ६ अर्ब ९१ करोड ८ लाख पुगेको छ। जसमध्ये सङ्घीय सरकारबाट प्राप्त राजस्व रु. ६ अर्ब २७ करोड १३ लाख र आन्तरिक स्रोतबाट प्राप्त राजस्व रु. ६३ करोड ९५ लाख रहेको छ।

**तालिका ३.४: राजस्व परिचालनको अवस्था (रु. करोडमा)**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७६/७७ २०७७/७८ (प्रतिशत परिवर्तन) | |
|---|---|---|---|---|---|
| सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्ति | ६३४.३१ | ५०७.२७ | ६२७.१३ | -२०.०३ | २३.६३ |
| आन्तरिक राजस्वबाट प्राप्ति | ७.०३ | २३.४५ | ६३.९५ | २३३.५७ | १७२.७१ |
| कुल जम्मा | ६४१.३४ | ५३०.७२ | ६९१.०८ | -१७.२५ | ३०.२२ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, २०७८*

३.८ आन्तरिक राजस्व तर्फ आर्थिक वर्ष २०७८/७९ को चैत्रसम्म रु. ४४ करोड ४३ लाख ८२ हजार प्राप्ति भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७०.०५ प्रतिशत बढी हो।

**तालिका ३.५: आन्तरिक राजस्वको तुलनात्मक विवरण (रु. हजारमा)**

| राजस्व शीर्षक | २०७७/७८ चैत्रसम्म | २०७८/७९ चैत्रसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| बाँडफाँट भई प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुर | - | ५७०८० | - |
| बाँडफाँट भई प्राप्त सवारी साधन कर | ७०५८० | ७८०८४ | १०.६३ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | २३३३१ | १५३४१ | -३४.२५ |
| दहत्तर बहत्तरको बिक्री शुल्क | - | ११२०९ | - |
| चालक अनुमतिपत्र, सवारी दर्ता किताब (Blue Book) सम्बन्धी दस्तुर | २८२६५ | ४१२२० | ४५.८३ |
| यातायातक्षेत्रको आम्दानी | ६१९९ | ७९५५ | २८.३३ |
| अन्य प्रशासनिक सेवा शुल्क | १६२७५ | १६५९३ | १.९५ |
| अनुदान/निकासा फिर्ता, बेरुजु | ११६६६७ | १०६९०१ | -८.३७ |
| विविध आय | - | १०९९९९ | - |
| जम्मा | २६१३१७ | ४४४३८२ | ७०.०५ |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, २०७८*

३.९ कोभिड- १९ महामारीको कारण सिर्जित बन्दाबन्दीको कारण सेवाग्राहीले तोकिएको समयमा कर दाखिला गर्न नसकेकोमा प्रदेश सरकारको निर्णय अनुसार थपिएको म्याद भित्र सवारी साधन कर बुझाउनेलाई थप दस्तुर र जरिवाना छुट दिने गरी छुट सुविधा प्रदान गरिएको थियो। गत वर्ष आषाढ मसान्तसम्म दाखिला गर्नु पर्ने सवारी साधन कर बन्दावन्दीको कारण दाखिल हुन नसकेकोले म्याद थप गरी चालु आर्थिक वर्षमा सङ्कलन भएको हुँदा र नयाँ सवारी साधन दर्ता एवम् प्रादेशीकरण भई आउने क्रम बढेकोले गत वर्षको तुलनामा सवारी साधन कर बढी सङ्कलन भएको देखिन्छ।

**राजस्व र खर्चको अवस्था**

३.१० आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्रदेश खर्चको अनुपात ११.१३ प्रतिशत रहेको छ भने आर्थिक वर्ष २०७६/७७ मा यस्तो अनुपात ९.६२ प्रतिशत रहेको थियो। यसै गरी आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा चालु र पुँजीगत खर्चको अनुपात क्रमशः ४.२८ प्रतिशत र ६.८५ प्रतिशत रहेको छ भने आर्थिक वर्ष २०७७/७८ मा चालु र पुँजीगत खर्चको यस्तो अनुपात क्रमशः ३.९५ प्रतिशत र ५.६६ प्रतिशत रहेको थियो।

३.११ आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कुल राजस्वको अनुपात ३.४९ प्रतिशत रहेको छ भने आर्थिक वर्ष २०७६/७७ मा यस्तो अनुपात ३.०२ प्रतिशत रहेको थियो। यसैगरी आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा बाँडफाँटबाट प्राप्त राजस्व र आन्तरिक राजस्वको अनुपात क्रमशः ३.१७ प्रतिशत र ०.३२ प्रतिशत रहेको थियो।

**तालिका ३.६: खर्च र राजस्वको अवस्था**
**(प्रदेशको कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)**

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| कुल खर्च | ०.१५ | ६.२० | ९.६२ | ११.१३ |
| चालु खर्च | ०.०८ | २.८५ | ३.९५ | ४.२८ |
| पुँजीगत खर्च | ०.०७ | ३.३५ | ५.६६ | ६.८५ |
| कुल राजस्व | - | ३.९७ | ३.०२ | ३.४९ |
| बाँडफाँटबाट प्राप्त राजस्व | - | ३.९३ | २.८९ | ३.१७ |
| आन्तरिक राजस्व | - | ०.०४ | ०.१३ | ०.३२ |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, २०७८*

३.१२ आर्थिक वर्ष २०७५/७६ मा कर्णाली प्रदेशमा जम्मा रु. १६ अर्ब ६१ करोड ३८ लाख ८७ हजार अनुदान प्राप्त भएको थियो ।

३.१३ आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारबाट समानीकरण, सशर्त, समपूरक र विशेष गरी रु. १४ अर्ब ६४ करोड १४ लाख ८३ हजार अनुदान प्राप्त भई रु. १२ अर्ब ९५ करोड ७२ लाख ९० हजार खर्च भएको छ।

### तालिका ३.७ तीन आर्थिक वर्षमा सङ्घीय सरकारबाट अनुदान प्राप्ति र खर्चको विवरण (रु. हजारमा)

| अनुदान | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | |
|---|---|---|---|---|---|---|
| | प्राप्ति | खर्च | प्राप्ति | खर्च | प्राप्ति | खर्च |
| समानीकरण | ९१३१४०० | ९१३१४०० | ९८४८३०० | ९८४८३०० | ९६३२९०० | ९६३२९०० |
| सशर्त | ५६५४७६८ | ४०७०४७० | ३२६६२३८ | ९८२८८५ | ४३१८४८३ | ३०३०२२३ |
| समपुरक | ९२०००० | ९२०००० | ४६८९०० | ३०३५२७ | २५०००० | ९७७५२ |
| विशेष | ९०७७१९ | ९०७७१९ | ८१०००० | ५३९६०० | ४४०००० | १९६४१५ |
| जम्मा | १६६१३८८७ | १५०२९५८९ | १४३९३४३८ | ११६७४३१२ | १४६४१३८३ | १२९५७२९० |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, २०७८*

३.१४ प्रदेश सरकारबाट समानीकरण, समपूरक, विशेष तथा सशर्त अनुदानको रुपमा आर्थिक वर्ष २०७८/७९ को चैत्रसम्म प्रदेश अन्तरगतका १० जिल्लाका ७९ स्थानीय तहहरुमा रु.१ अर्ब १५ करोड ८ लाख ८० हजार निकासा भएको छ।


### तालिका ३.८ तीन आर्थिक वर्षमा स्थानीय तहमा हस्तान्तरण भएको बजेट र निकासाको विवरण (रु. हजारमा)

| आर्थिक वर्ष | बजेट | निकासा | निकासा प्रतिशत |
|---|---|---|---|
| २०७६/७७ | ३७४६६४३ | ९९९६७१ | २६.६८ |
| २०७७/७८ | ३५०१९८८ | २६०८१४१ | ७४.४८ |
| २०७८/७९ चैत्रसम्म | ३८१६९४१ | ११५०८८० | ३०.१५ |

***स्रोतः*** *आर्थिक मामिला तथा योजना मन्त्रालय, २०७८*

३.१५ आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारबाट स्थानीय तहहरुमा रु. ३ अर्ब ८१ करोड ६९ लाख ४१ हजार अनुदान हस्तान्तरण भएको छ। गत आर्थिक वर्षमा रु.३ अर्व ५० करोड १९ लाख ८८ हजार हस्तान्तरण भएको थियो।

### चार्ट ३.१: कर्णाली प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण गरिएको अनुदानको विवरण




***स्रोत:*** *आर्थिक मामिला तथा योजना मन्त्रालय, २०७८*

३.१६ आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशमा ४२.४१ प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको छ भने गत आर्थिक वर्ष ३६.९० प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको थियो।

## ४. बैङ्क तथा वित्तीय संस्था

४.१ मुलुकको शासकीय स्वरुप सङ्घीयतामा रुपान्तरण संगै कर्णाली प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाहरुको विस्तार भएको छ। बीमा, सहकारी क्षेत्र, पूँजी बजार तथा निक्षेपमात्र परिचालन गर्ने संस्थाहरुको विकास तथा सेवाको विस्तार पनि बढ्दो क्रममा रहेको छ। प्रदेशगत रुपमा समेत धितोपत्र दलालका कार्यालयहरु स्थापना भएकाले धितोपत्र कारोवारको समग्र दायरा, कुल कारोवार रकम तथा लगानीकर्ताको सहभागितामा समेत उल्लेखनीय रुपमा वृद्धि भएको छ।

### वित्तीय संरचना तथा वित्तीय सेवा

४.२ २०७८ फागुनसम्म कर्णाली प्रदेशका ७८ वटा स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ भने जाजरकोट जिल्लाको जुनिचाँदे गाउँपालिकामा वाणिज्य बैङ्कको शाखा स्थापना हुन बाँकी छ।

४.३ २०७८ फागुनसम्म कर्णाली प्रदेशमा वाणिज्य बैङ्कको सङ्ख्या १९७, विकास बैङ्कको सङ्ख्या २१, वित्त कम्पनीका ३ तथा लघुवित्त संस्थाका २३० गरी कुल ४५१ वटा शाखा पुगेका छन्। गत आर्थिक वर्षमा बैङ्क तथा वित्तीय संस्थाका कुल शाखा ४१२ रहेका थिए।

**तालिका ४.१ कर्णाली प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या**

| बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या/ आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८ फागुनसम्म |
|---|---|---|---|---|
| वाणिज्य बैङ्क | १५९ | १७७ | १९२ | १९७ |
| विकास बैङ्क | २० | १७ | १७ | २१ |
| फाईनान्स कम्पनी | ४ | ४ | ३ | ३ |
| लघुवित्त संस्था | १६८ | १८६ | २०० | २३० |
| **जम्मा** | **३५१** | **३८४** | **४१२** | **४५१** |

***स्रोतः** नेपाल राष्ट्र बैङ्क, २०७८*

४.४ २०७८ फागुनसम्म कर्णाली प्रदेश अन्तर्गतका बैङ्क तथा वित्तीय संस्थाले प्रति शाखा सेवा प्रवाह गरेको जनसङ्ख्या ३,७५८ रहेको छ जुन गत वर्षको सोही अवधिमा ४,५२२ रहेको थियो।

४.५ २०७८ फागुनसम्म कर्णाली प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाका ८२ एटिएम मेसिन सञ्चालनमा रहेका छन् भने २ लाख १२ हजार ७ सय १६ डेबिट कार्ड र १,५५८ वटा क्रेडिट कार्ड जारी भएका छन्।

**तालिका ४.२ कर्णाली प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाको बैंकिङ्ग सेवाको अवस्था**

| बैंकिङ्ग सेवा/आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८ फागुनसम्म |
|---|---|---|---|---|
| एटीएम मेशिनको सङ्ख्या | ६२ | ७८ | ८३ | ८२ |
| क्रेडिट कार्ड लिनेको सङ्ख्या | ४८९ | ६९५ | १०३८ | १५५८ |
| डेविट कार्ड लिनेको सङ्ख्या | १२४४०२ | १४२१५६ | १७७७१० | २१२७१६ |
| प्रति बैङ्कले सेवा दिने औसत जनसङ्ख्या | - | - | ४५२२ | ३७५८ |
| बैङ्क खातामा पहुँच पुगेको जनसङ्ख्या | ८०६८५४ | ९६५७८२ | १३११६१५ | - |
| बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिनेको सङ्ख्या | ३३४४० | ३५१७६ | ४२९९८ | - |
| सेवाग्राहीको घरबाट बैंकसम्म पुग्न लाग्ने औसत समय | - | - | - | २ घण्टा ३० मिनेट |

***स्रोतः** नेपाल राष्ट्र बैङ्क, २०७८*

४.६ २०७८ फागुनसम्म कर्णाली प्रदेशका बैङ्क तथा वित्तीय संस्थामा जम्मा रु. ४८ अर्ब ८८ करोड ८ लाख ५० हजार निक्षेप सङ्कलन भएको छ। यसैगरी २०७७ फागुनसम्म रु. ५७ अर्ब २२ कोड ११ लाख १० हजार निक्षेप सङ्कलन भएको थियो।


### तालिका ४.३ कर्णाली प्रदेशमा निक्षेप सङ्कलनको अवस्था

| वित्तीय स्रोत तथा साधन/आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८ फागुनसम्म |
|---|---|---|---|---|
| निक्षेप सङ्कलन (रु. दश लाखमा) | ३३१०९.६२ | ४२१०२.६२ | ५७२२१.११ | ४८८८०.८५ |
| कर्जा प्रवाह (रु. दश लाखमा) | ३१०१८.१५ | ३६३४९.२३ | ५१३३१.७७ | ५६२५०.९७ |
| बैङ्क तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा भएको कर्जा प्रवाह (रु.१० लाखमा) | १९९४.६२ | २६५५.७३ | ३९२६.३० | - |

***स्रोतः*** *नेपाल राष्ट्र बैङ्क, २०७८*

४.७ आर्थिक वर्ष २०७७ मा बैङ्क तथा वित्तीय संस्थाबाट रु. ५१ अर्ब ३३ कोड १७ लाख ७० हजार कर्जा प्रवाह भएको थियो भने २०७८ फागुनसम्म जम्मा रु. ५६ अर्ब २५ करोड ९ लाख ७० हजार बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह भएको छ।

### चार्ट ४.१: बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)




***स्रोतः*** *नेपाल राष्ट्र बैङ्क, २०७८*

४.८ २०७८ फागुनसम्म कर्णाली प्रदेशमा जीवन तथा निर्जीवन बिमकको शाखा सङ्ख्या १९१ रहेको छ जसमध्ये जीवन बिमकको शाखा सङ्ख्या १४५ र निर्जीवन बिमकको शाखा सङ्ख्या ४६ रहेको छ। प्रदेशगत रुपमा सबैभन्दा बढी बिमकको शाखा सङ्ख्या बागमती प्रदेशमा रहेको छ।

४.९ कुल जीवन बिमा शुल्क आर्जनमा कर्णाली प्रदेशको हिस्सा ४.३३ प्रतिशत र निर्जीवन बिमा शुल्क आर्जनमा १.८१ प्रतिशत रहेको छ।

# ५. गरिबी निवारण र रोजगारी

## गरिबी निवारण

५.१ कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना अनुसार यस प्रदेशका नागरिकहरुको जीवनस्तरमा सुधार ल्याई समृद्धि र विकासित प्रदेशको निर्माण गर्ने सोच अनुरुप निरपेक्ष गरिबीलाई १८ प्रतिशत र बहुआयामिक गरिबीलाई २५ प्रतिशतमा ल्याउने लक्ष्य लिइएको छ। कर्णाली प्रदेशको समग्र आर्थिक सामाजिक विकासको प्रमुख बाधकको रुपमा गरिबी रहेको छ। देशमा गरिबी न्यूनीकरणका लागि हालसम्म भएका प्रयासहरुको परिणामस्वरुप उल्लेख्य सफलता हासिल भएको छ। तथापी कर्णाली प्रदेशको प्रगति अपेक्षित रुपमा हुन सकेको छैन। कोभिड-१९ महामारीको कारण निरपेक्ष गरिबीको रेखामुनि रहेका आर्थिक एवम् सामाजिक रुपले विपन्न, गरिब र वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र र समुदाय गरिबीको दुश्चक्रमा पर्ने जोखिम न्यूनीकरण गर्ने चुनौति रहेको छ। ।

५.२ बहुआयामिक गरिबी दर राष्ट्रिय औषतमा १७.४० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको बहुआयामिक गरिबी दर ३९.५ प्रतिशत छ।


**तालिका ५.१: गरिबीको अवस्था (प्रतिशतमा)**

| गरिबीको प्रकार | कर्णाली प्रदेश | नेपाल |
|---|---|---|
| बहु आयामिक गरिबी दर | ३९.५ | १७.४ |
| गरिबी दर | २८.९ | १८.७ |

***श्रोत:** राष्ट्रिय योजना आयोग*

५.३ प्रदेशगतरुपमा हेर्दा सबैभन्दा कम बहुआयामिक गरिबी दर बागमती प्रदेशमा ७ प्रतिशत र सबैभन्दा बढी कर्णाली प्रदेशमा ३९.५ प्रतिशत रहेको छ।

चार्ट ५.१: प्रदेशगत गरिबीको अवस्था (प्रतिशतमा)





***श्रोत:*** *राष्ट्रिय योजना आयोग*

५.४ प्रदेशभित्र गरिबी निवारणका लागि उत्पादनशील क्रियाकलापहरुमा वृद्धि तथा रोजगारी र आयआर्जनका अवसरहरु सिर्जना गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, सीप, पुँजी, र प्रविधि, आधारभूत भौतिक पूर्वाधार, स्रोत र साधन तथा सूचनाहरुमा विपन्न वर्गको पहुँच सुनिश्चित गर्ने, गरिब र धनीबीच, शहर र गाउँबीच विद्यमान असमानता घटाउने, कृषि क्षेत्रको व्यावसायीकरण र यान्त्रिकरण गरी उत्पादकत्व बढाउने, विपन्न तथा सीमान्तीकृत समुदायका लागि सामाजिक सुरक्षा र गरिबी निवारणका लक्षित कार्यक्रम सञ्चालन गर्ने चुनौति रहेका छन्।

## रोजगारीको अवस्था

५.५ कर्णाली प्रदेशमा आर्थिक रूपले सक्रिय (उमेर १० वर्षभन्दा माथिको) जनसङ्ख्या ५९ प्रतिशत र रोजगार जनसङ्ख्या ५२ प्रतिशत रहेको छ। आर्थिक रूपले सक्रिय जनसङ्ख्याको अनुपात सवैभन्दा बढी डोल्पामा ७० प्रतिशत र सबैभन्दा कम ५२ प्रतिशत रूकुम पश्चिममा रहेको छ। त्यसैगरी हुम्ला जिल्लामा रोजगार जनसङ्ख्या सबैभन्दा बढी ६६ प्रतिशत र सबैभन्दा कम रूकुम पश्चिममा ४७ प्रतिशत रहेको छ।

**चार्ट ५.२: कर्णाली प्रदेशका जिल्लाहरुको रोजगार र सक्रिय जनसङ्ख्याको अवस्था**




***स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

५.६ सङ्घीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमले बेरोजगार नागरिकको तथ्याङ्क प्रयोजनार्थ प्रत्येक स्थानीय तहमा एक जना रोजगार संयोजक तथा प्राविधिक सहयोगी नियुक्त गरी विभिन्न श्रम तथा रोजगार सम्बन्धी तथ्याङ्क सङ्कलन गर्दै आएको छ।

५.७ आर्थिक वर्ष २०७६/७७ मा कर्णाली प्रदेशका ६० स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएकोमा २०७८ फागुनसम्म यो कार्यक्रम सञ्चालन भएका स्थानीय तहको सङ्ख्या ७६ पुगेको छ।

५.८ कर्णाली प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट २०७८ फागुनसम्म २९ हजार ४ सय ८२ जनाले रोजगार पाएका छन्।

तालिका ५.२: प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी विवरण

| विवरण | २०७६/७७ | | २०७८ फागुनसम्म | |
|---|---|---|---|---|
| | कर्णाली | नेपाल | कर्णाली | नेपाल |
| कार्यक्रम सञ्चालन गरेको स्थानीय तह सङ्ख्या | ६० | ५४१ | ७६ | ७०८ |
| आयोजना सङ्ख्या | ५८७ | ४३०२ | २०७९ | १६२१९ |
| रोजगारीमा संलग्न व्यक्तिको सङ्ख्या | १६४३८ | १०५६३५ | २९४८२ | १८१५७७ |
| रोजगार औसत दिन | १९ | १६ | ८८ | ७६ |
| जम्मा रोजगार दिन | २९६६४८ | १६३९४०० | २५९३८८५ | १३७५४३९१ |

*स्रोत: श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७८*

# ६. कृषि, वन तथा भूमिसुधार

## कृषि

६.१ कुल गार्हस्थ्य उत्पादनमा २३.९ प्रतिशत योगदान रहेको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो। उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउने क्षेत्र भएकोले यसको वैज्ञानिक ढङ्गले सुधार तथा रुपान्तरण गर्ने विगतको प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नुपर्ने हुन्छ। नेपालमा उपलब्ध स्रोत साधनको पृष्ठभूमिमा दिगो आर्थिक विकास एवं सबल ग्रामीण अर्थतन्त्रद्वारा गरिबी निवारण गर्ने बलियो आधार कृषि क्षेत्र नै हो। नेपालको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। यसै सन्दर्भमा, विभिन्न कारणले उत्पन्न हुन सक्ने खाद्य तथा पोषण सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछा-मासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधारको आवश्यकता छ।

### खाद्यान्न बालीको प्रदेशगत उत्पादनको स्थिति

६.२ आर्थिक वर्ष २०७८/७९ मा धान बालीको उत्पादन ५१ लाख ३० हजार ६ सय २५ मेट्रिक टन रहने अनुमान छ। उत्पादित धान बालीमध्ये सबैभन्दा बढी मधेश प्रदेशमा २७.०२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा २.४४ प्रतिशत रहने अनुमान छ।

६.३ आर्थिक वर्ष २०७८/७९ मा जौ को उत्पादन सबैभन्दा बढी कर्णाली प्रदेशमा ४१.५७ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा ०.५३ प्रतिशत हुने अनुमान छ।

**तालिका ६.१: आर्थिक वर्ष २०७८/७९ मा प्रमुख खाद्यान्न बालीको प्रदेशगत उत्पादनको अनुपात (प्रतिशतमा)**

| बाली/प्रदेश | धान | मकै | गहुँ | कोदो | जौ | फापर |
|---|---|---|---|---|---|---|
| प्रदेश नं.१ | २४.६३ | २९.६३ | ६.८७ | २७.८१ | ५.९२ | १९.२२ |
| मधेश | २७.०२ | ५.८२ | २९.१४ | ०.४९ | ०.५३ | ०.० |
| बागमती | ९.९० | २२.४२ | ८.०९ | २०.८१ | ७.९७ | २५.३२ |
| गण्डकी | ७.९२ | १४.९५ | ४.६२ | ३२.४५ | ९.८५ | १५.२० |
| लुम्बिनी | १९.४८ | १४.७६ | २४.८६ | ४.०४ | ११.१७ | २४.७२ |
| कर्णाली | २.४४ | ८.०५ | ९.११ | ७.६२ | ४१.५७ | १४.५९ |
| सुदूरपश्चिम | ८.६१ | ४.३८ | १७.३२ | ६.७८ | २२.९८ | ०.९५ |
| कुल उत्पादन | ५१३०६२५ | ३१०६३९७ | २१४४५६८ | ३३९४६२ | ३२१५६ | १९२९० |

***स्रोतः*** *कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७८* #मेट्रिक टनमा

### कर्णाली प्रदेशमा खाद्यान्न बालीको उत्पादन स्थिति

६.४ कर्णाली प्रदेशमा क्षेत्रफलका आधारमा कृषियोग्य भूमि कम रहेको छ। भौगौलिक विकटताका कारण सिंचाइ योग्य जमिन कम भएको यस प्रदेशमा समयमा बीऊ, मल, किटनाशक औषधि अभावका कारण अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेशको उत्पादनमा अपेक्षित वृद्धि हुन सकेको छैन। कर्णाली प्रदेशमा उपलव्ध तथ्याङ्क देहाय बमोजिम छः

**तालिका ६.२ः कर्णाली प्रदेशमा तरकारी, फलफुल, मासु र अन्य उत्पादन (मे. टनमा)**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ चैत्रसम्म |
|---|---|---|---|---|
| कागुनो | - | - | ९३६ | ९०१ |
| जुम्ली मार्सी धान | - | - | ९७१४ | ९११४ |
| स्याउ | १५३८८ | २९१८६ | - | - |
| सिमी | - | - | ११९७४ | ११२८५ |
| तरकारी | - | ३९६२३८३ | ३९६२४९२ | - |
| आलु | - | २२११९८ | १७१४०० | १७०२०० |
| मासुको उत्पादन | - | २७४२९ | २२९२८ | २२१११ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत*

### मासु उत्पादन

६.५ आर्थिक वर्ष २०७७/७८ मा मासु २२ हजार ९ सय २८ मेट्रिक टन उत्पादन भएको थियो भने चालु आर्थिक वर्षको चैत्रसम्म २२ हजार १ सय ११ मेट्रिक टन मासु उत्पादन भएको छ।

### सिंचाइ

६.६ कर्णाली प्रदेशमा खेती गरिएको कुल क्षेत्रफलको ३७.५६ प्रतिशत क्षेत्रफलमा मात्र सिंचाई सुविधा पुगेको छ। २०७७ पुष मसान्तसम्म यस प्रदेशको कुल सिंचित क्षेत्रफल १.५५ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा सिचित क्षेत्रफल ०.३२ प्रतिशतले वृद्धि भएको थियो। कुलोद्वारा सिंचित क्षेत्रफल ०.९८ प्रतिशत, नहरद्वारा सिंचित क्षेत्रफल ७.१५ प्रतिशत र पोखरीद्वारा सिंचित क्षेत्रफल २.७७ प्रतिशतले वृद्धि भएको छ।

## वन

६.७ जैविक विविधताको दृष्टिले नेपाल सम्पन्न मुलुक हो। नेपालमा ११८ प्रकारका पारिस्थितिक प्रणाली, ७५ प्रकारका वनस्पति, ३५ प्रकारका वन, ११,९७१ वनस्पति प्रजाति र ११,८६१ प्राणी प्रजाति पहिचान भएका छन्। २० वटा संरक्षित क्षेत्र, १० अन्तर्राष्ट्रिय महत्वका सीमसार क्षेत्र, ११ वनस्पति उद्यान, २२ हजार ६ सय भन्दा बढी सामुदायिक वन र १० हजार भन्दा बढीको सङ्ख्यामा रहेका अन्य समुदायमा आधारित वन बाहिर ग्रामीण महिला, किसान वा परिवारका निजी खेतबारीमा लाखौंको सङ्ख्यामा रहेका निजी/पारिवारिक वन र कृषि वनमा जैविक विविधताको संरक्षण रहेको छ। नेपालमा भित्रिने विदेशी पर्यटकमध्ये ६० प्रतिशतभन्दा बढीले संरक्षित क्षेत्र र सामुदायिक वन भ्रमण गर्ने गरेको पाइएको छ।

## कर्णाली प्रदेशमा वन

६.८ कर्णाली प्रदेशको कुल भू-भागको ४२.२९ प्रतिशत वन क्षेत्र रहेको छ। प्रदेशगत रुपमा हेर्दा नेपालको सबैभन्दा बढी वन क्षेत्र कर्णाली प्रदेशमा रहेको छ भने सबैभन्दा कम वन क्षेत्र मधेश प्रदेशमा छ। नेपालको कुल वन क्षेत्रको १७.९० प्रतिशत हिस्सा कर्णाली प्रदेशले ओगटेको छ।

**तालिका ६.३: प्रदेशगत वन क्षेत्रको स्थिति**

| प्रदेश | प्रदेशको क्षेत्रफल (हे.) | वन क्षेत्र (हे.) | नेपालको कुल वन क्षेत्रको हिस्सा | प्रदेशको कुल भू-भागको तुलनामा वनको क्षेत्रफल (प्रतिशतमा) |
|---|---|---|---|---|
| **प्रदेश नं.१** | २५९०५०० | ११३४२५० | १७.१६ | ४३.७८ |
| **मधेश** | ९६६१०० | २६३६३० | ३.९९ | २७.२९ |
| **बागमती** | २०३०००० | १०९०८८० | १६.५० | ५३.७४ |
| **गण्डकी** | २१५०४०० | ८१७२९० | १२.३६ | ३८.०१ |
| **लुम्बिनी** | २२२८८०० | ९७४३८० | १४.७४ | ४३.७२ |
| **कर्णाली** | २७९८४०० | ११८३४०० | १७.९० | ४२.२९ |
| **सुदूरपश्चिम** | १९८७४०० | ११४६११० | १७.३४ | ५८.६६ |
| **कुल** | **१४७५१६००** | **६६०९९४०** | **१००** | **४४.७४** |

***स्रोत:*** *वन तथा वातावरण मन्त्रालय, २०७८*

६.९ कर्णाली प्रदेशमा समुदायमा आधारित सामुदायिक वनको सङ्ख्या २,७६९ रहेको छ। त्यस्तै ७८६ कवुलियती वन, १६७ निजी वन, ९ धार्मिक वन, २ मध्यवर्ती क्षेत्र तथा १ वन संरक्षण क्षेत्र गरी कुल वन क्षेत्रको सङ्ख्या ३,६३४ रहेको छ। आर्थिक वर्ष २०७७/०७८ मा ५४.८ हेक्टर क्षेत्रफलमा विभिन्न प्रजातिका ८८ हजार विरुवा वृक्षारोपण गरिएको छ।

**तालिका ६.४: कर्णाली प्रदेशमा वन क्षेत्रको स्थिति**

| वनको विवरण | कुल वन क्षेत्र | | संरक्षित क्षेत्र | |
|---|---|---|---|---|
| | सङ्ख्या | क्षेत्रफल हेक्टरमा | सङ्ख्या | क्षेत्रफल हेक्टरमा |
| **सामुदायिक वन** | २७६९ | ३७६७५४.८६ | २ | ३६६१०० |
| **कवुलियती वन** | ७८६ | ८१६९.७३ | - | - |
| **धार्मिक वन** | ९ | ६६.७३ | - | - |
| **निजी वन** | १६७ | १०७.७७ | - | - |
| **वन संरक्षण क्षेत्र** | १ | १७५.५ | - | - |
| **मध्यवर्ती वन** | २ | १५४७०० | - | - |

***स्रोतः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत*

६.१० यस प्रदेशको रारा राष्ट्रिय निकुञ्ज र शे-फोक्शुण्डो राष्ट्रिय निकुञ्ज सिमसार क्षेत्रमा सूचीकृत भएको छ। यस प्रदेशका २ लाख १० हजार ४ सय ७६ घरधुरी प्रत्यक्ष रुपमा समुदायमा आधारित वन व्यवस्थापनमा आवद्ध भई वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र सदुपयोगमा सहयोग पुऱ्याएको देखिन्छ। २,७६९ वटा सामुदायिक वनबाट वनजन्य पैदावारको आन्तरिक खपत तथा बाह्य विक्रीबाट करिब रु. ८ करोड आम्दानी भएको छ।

६.११ कर्णाली प्रदेशमा १,४६० हेक्टर क्षेत्रफल अतिक्रमित भएको देखिन्छ भने १३५.१७ हेक्टर क्षेत्रफल पुनस्थापना भएको छ। यस प्रदेशमा वनमा आधारित उद्योगहरु ६ वटा, सःमील २९६ वटा, फर्निचर उद्योग ११७ वटा रहेका छन्।

# ७. उद्योग, पर्यटन र आपूर्ति

## उद्योग

७.१ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म कर्णाली प्रदेशमा स्थापना भएका विभिन्न उद्योगहरुमा रु. १ खर्ब ३५ अर्ब २१ करोड लगानी रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशमा विदेशी लगानी स्वीकृति पाएका साना, मझौला र ठुला उद्योगहरुको सङ्ख्या ८९ रहेको छ।

७.२ २०७८ असारसम्म दर्ता भएका लघु, घरेलु तथा साना उद्योगहरुको सङ्ख्या २६ हजार ९ सय ५९ रहेको छ। यस मध्ये जिल्लागतरुपमा सबैभन्दा बढी ७ हजार ९ सय ३ सुर्खेतमा र सबैभन्दा कम १ हजार ५६ मुगुमा रहेको छ।

**तालिका ७.१ः कर्णाली प्रदेशमा दर्ता भएका लघु, घरेलु तथा साना उद्योगको विवरण (आर्थिक वर्ष २०७७/७८)**

| जिल्ला | सङ्ख्या |
|---|---|
| रुकुम पश्चिम | १८२६ |
| सल्यान | २४६२ |
| सुर्खेत | ७९०३ |
| दैलेख | ३७६५ |
| जाजरकोट | १७५४ |
| कालिकोट | १७९५ |
| मुगु | १०५६ |
| हुम्ला | २२२३ |
| जुम्ला | २७५२ |
| डोल्पा | १४२३ |
| **जम्मा** | **२६९५९** |

*स्रोतः उद्योग विभाग, २०७७*

७.३ लघु, घरेलु तथा साना उद्योग सबैभन्दा बढी बागमती प्रदेशमा ३२.० प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ५.० प्रतिशत दर्ता भएका छन्।

७.४ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म कर्णाली प्रदेशमा दर्ता भएका कम्पनीहरुको सङ्ख्या ३ हजार ५ सय २६ रहेको छ। यो अवधिसम्म मुलुकभर दर्ता भएको कम्पनीको सङ्ख्या २ लाख ८३ हजार ३ सय ५८ रहेको छ।

**पर्यटन**

७.५ नेपाल सरकारले आरोहणका लागि खुला गरेका ४१४ वटा हिमाल मध्ये ६९ वटा हिमाल यस प्रदेशमा रहेका छन्। अहिलेसम्म आरोहण नगरिएका हिमालको सङ्ख्या यस प्रदेशमा ९ वटा छन्।

**आपूर्ति**

७.६ सङ्घीय सरकारको प्रयासमा दैनिक उपभोग्य वस्तु तथा सेवा, अत्यावश्यक औषधि तथा उपकरण, पेट्रोलियम पदार्थ लगायतका वस्तु तथा सेवाको (हुम्ला र डोल्पा) खाद्य भण्डारण गृह निर्माण सम्पन्न भएको छ। कर्णाली प्रदेश सरकारबाट आर्थिक वर्ष २०७८/७९ को चैत्रसम्म हुम्ला जिल्लामा २०० क्विन्टल चामल ढुवानी गरिएको छ।

# ८. भौतिक पूर्वाधार, यातायात र उर्जा

८.१ दिगो र उच्च आर्थिक विकास र आन्तरिक अन्तर आबद्धता तथा पूर्वाधार विकासको लागि भौतिक पूर्वाधार अत्यावश्यक हुन्छ। कर्णाली प्रदेश सरकारको समृद्ध कर्णाली, सुखारी कर्णालीवासी भन्ने दीर्घकालीन सोचलाई मूर्तरुप दिन प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माणलाई महत्वका साथ अगाडि बढाएको छ। हुम्ला बाहेक नौ वटा जिल्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन्। ग्रामीण सडक बिस्तारले तिव्रता पाएको छ। प्रदेशका ७ वटा विमानस्थल मध्ये ६ विमानस्थल सञ्चालनमा रहेका छन्।

## भौतिक पूर्वाधार

८.२ भौगोलिक विकटताको कारणले कर्णाली प्रदेशमा सडक सञ्जाल देशको अन्य प्रदेशको भन्दा कम रहेको छ। २०७८ फागुनसम्म कर्णाली प्रदेशमा धुलो/कच्ची, ग्राभेल र कालोपत्रे गरी ३,३०१ किलोमिटर प्रादेशिक र स्थानीय सडक रहेको छ। कर्णाली प्रदेशको हुम्ला बाहेक सबै जिल्ला सदरमुकाममा सडक सञ्जाल पुगेको छ।

८.३ आर्थिक वर्ष २०७८/७९ को चैत्रसम्म प्रदेशभर कालोपत्रे, ग्राभेल, कच्ची सडक गरी कुल ११२९.९ किलोमिटर सडक विस्तार भएको छ। चालु आर्थिक वर्षको चैत्रसम्म कालोपत्रे २६.४ किलोमिटर, ग्राभेल १४०.४ किलोमिटर र कच्ची ९६३.१ किलोमिटर सडक प्रदेश सरकार मार्फत निर्माण भएको छ।

**तालिका ८.१: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको सडकको अवस्था (किलोमिटरमा)**

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ चैत्रसम्म | जम्मा |
|---|---|---|---|
| **कालोपत्रे** | १९.७ | ६.७ | २६.४ |
| **ग्राभेल** | ११०.५ | २९.९ | १४०.४ |
| **कच्ची** | ७९८.५ | १६४.६ | ९६३.१ |
| **जम्मा** | **९२८.७** | **२०१.२** | **११२९.९** |

***स्रोत:*** *भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत २०७८*

८.४ प्रदेश सरकार स्थापना भए पश्चात आर्थिक वर्ष २०७८/७९ को चैत्रसम्म निर्माण सम्पन्न भएका झोलुङ्गे पुलको सङ्ख्या २६३ तथा मोटरेवल पुलको सङ्ख्या

२० रहेको छ। चालु आर्थिक वर्षको चैतसम्म ५० झोलुङ्गे पुल र ७ मोटरेवल पुलको निर्माण कार्य सम्पन्न भएको छ।

**तालिका ८.२ कर्णाली प्रदेश सरकारबाट निर्माण भएका पुलहरुको विवरण**

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ चैत्रसम्म | जम्मा |
|---|---|---|---|---|---|
| मोटरेवल पुल | ३ | ५ | ५ | ७ | २० |
| झोलुङ्गे पुल | ८० | ४६ | ८७ | ५० | २६३ |

***स्रोत:*** *भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत २०७८*

## यातायात

८.५ २०७८ असारसम्म कर्णाली प्रदेशमा १३ हजार २ सय ६३ सवारी साधन दर्ता भएकोमा चालु आर्थिक वर्षको चैत्रसम्म ७ हजार १ सय १ नयाँ सवारी साधन थप दर्ता भई २०७८ चैतसम्म दर्ता भएको सवारी साधनको सङ्ख्या २० हजार ३ हजार ६४ पुगेको छ। दर्ता भएका सवारी साधन मध्ये सबैभन्दा बढी मोटरसाइकल रहेका छन्।

**तालिका ८.३: कर्णाली प्रदेशमा दर्ता भएका सवारी साधनहरुको विवरण**

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ चैत्रसम्म | जम्मा |
|---|---|---|---|---|---|
| बस/ट्रक | ११० | २२१ | ३११ | ५३१ | ११७३ |
| माईक्रोबस/जिप/ कार/भ्यान | १३४ | २०२ | ४१० | ४१५ | ११६१ |
| मोटरसाइकल/स्कुटर | २३९७ | ३४६५ | ४२१५ | ५४४७ | १५५२४ |
| टेक्टर | ५१ | १०५ | १२७ | १५३ | ४३६ |
| टेम्पो | ३०२ | ४९१ | ६८० | ५१९ | १९९२ |
| क्रेन/डोजर/लोडर | १ | १३ | २८ | ३५ | ७७ |
| दमकल | ० | ० | ० | १ | १ |
| जम्मा | २९९५ | ४४९७ | ५७७१ | ७१०१ | २०३६४ |

***स्रोत:*** *भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत, २०७८*

## हवाई यातायात

८.६ देशभर २ वटा अन्तराष्ट्रिय सहित कुल ५४ वटा विमानस्थल रहेकोमा जम्मा ३५ वटा सञ्चालनमा छन्। कर्णाली प्रदेशमा सुर्खेत, जुम्ला, हुम्ला, मुगु, डोल्पा र रुकुम पश्चिम गरी ६ जिल्लामा ७ वटा विमानस्थल सञ्चालनमा छन्।

८.७ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म कर्णाली प्रदेशमा अवस्थित विमानस्थलबाट १७ हजार ७ सय १५ उडानबाट ७२ हजार ४९ यात्रुले हवाई यात्रा गरेका छन्। यसमा सबैभन्दा बढी सिमकोट विमानस्थलबाट उडान भएको छ भने सबैभन्दा कम रुकुम चौरजहारीबाट भएको छ।

**तालिका ८.४: कर्णाली प्रदेशमा भएको उडान सङ्ख्या र यात्रु उडानको विवरण**

| विमानस्थलको नाम | (एयरक्राफ्ट मुभमेन्ट) सङ्ख्या | यात्रु सङ्ख्या |
|---|---|---|
| सुर्खेत | ५५२५ | १८४०८ |
| सिमकोट | ७८२४ | १६००१ |
| जुम्ला | ११३० | ११६३८ |
| डोल्पा | १४४९ | ९१४४ |
| रारा | १५७१ | १४५७६ |
| रुकुम सल्ले | १८६ | २०७७ |
| रुकुम चौरजहारी | ३० | २०५ |
| **जम्मा** | **१७७१५** | **७२०४९** |

*स्रोत: सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७७*

## उर्जा

८.८ कर्णाली प्रदेशमा जलविद्युत उत्पादन क्षमता करिब १८००० मेगावाट रहे तापनि आर्थिक वर्ष २०७५/७६ सम्म ८.२५ मेगावाट मात्र विद्युत उत्पादन भएको थियो भने २०७८ फागुनसम्म ११ मेगावाट विद्युत उत्पादन भएको छ।

८.९ २०७८ फागुनसम्म कर्णाली प्रदेशमा ४३.८७ प्रतिशत जनसङ्ख्यामा विद्युत पहुँच पुगेको छ। गत आर्थिक वर्ष ३४.७५ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको थियो।

### तालिका ८.५: कर्णाली प्रदेशमा विद्युत पहुँको अवस्था

| प्रदेश/आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९* |
|---|---|---|---|---|
| कर्णाली | २७.०३ | २७.७४ | ३४.७५ | ४३.८७ |
| नेपाल (वैकल्पिक उर्जासहित) | ८८ | ९० | ९३ | ९४ |

*स्रोत: नेपाल विद्युत प्राधिकरण, २०७८*  * फागुनसम्म

८.१० प्रदेशको करिव ९४.५ प्रतिशत घरधुरीमा खाना पकाउनको लागि हालसम्म पनि परम्परागत उर्जाको प्रयोग भैइरहेको छ भने ५.५ प्रतिशत घरधुरीले मात्र खाना पकाउनको लागि वैकल्पिक उर्जा प्रयोग गरेको अवस्था छ।

### तालिका ८.६: कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको प्रक्षेपण

| प्रमुख सूचक | आधार वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत) | ६७.५ | ६८ | ७० | ७५ | ८० | ९० |
| जलविद्युत उत्पादन (मे.वा.) | ८.२५ | १५ | ४० | ७० | ८५ | २०० |
| खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घरपरिवार (प्रतिशत) | ९५ | ९३ | ९० | ८७ | ८३ | ८० |
| खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घरपरिवार (प्रतिशत) | ५ | ७ | १० | १३ | १६ | २० |

*स्रोत: कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना*

## खानेपानी तथा सरसफाई

८.११ कर्णाली प्रदेशमा आधारभूत खानेपानी पुगेको जनसङ्ख्या ८६.२ प्रतिशत रहेको छ। प्रदेशका सबै जिल्लाहरु खुला दिसामुक्त घोषणा भइसकेका छन्।

### तालिका ८.७: कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनामा खानेपानी/सरसफाई सुविधा सम्बन्धी प्रक्षेपण

| प्रमुख सूचक | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| आधारभूत खानेपानी सुविधा पुगेको परिवार (प्रतिशत) | ८६.२ | ८७.३९ | ८९ | ९१ | ९३ | ९५ |
| उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार (प्रतिशत) | ९.३ | १० | १२ | १४ | १७ | २० |
| सुधारिएको सरसफाइ सुविधा पुगेको परिवार (प्रतिशत) | ७७.७ | ७९ | ८० | ८१ | ८३ | ८५ |

***स्रोत:*** *कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना*

# ९. सामाजिक क्षेत्र

## कर्णाली प्रदेशको सामाजिक क्षेत्रका प्रमुख सूचकहरूको अवस्था

९.१ कर्णाली प्रदेशमा २० अस्पताल, १४ प्राथमिक स्वास्थ्य केन्द्र, ३३३ स्वास्थ्य चौकी, १ आयुर्वेद औषधालय, ३०४ बर्थिङ सेन्टर, ४,३२२ महिला स्वास्थ्य स्वयंसेविका, १,४०७ खोप क्लिनिक, १,००२ गाउँघर क्लिनिक, ११४ सामुदायिक स्वास्थ्य इकाई र २४१ आधारभूत स्वास्थ्य केन्द्रहरू रहेका छन्।

९.२ कर्णाली प्रदेशमा ५६ क्याम्पस, ३०३८ सामुदायिक विद्यालय, १४९ संस्थागत विद्यालय, ६४२ माध्यामिक विद्यालय, २,५४५ आधारभूत विद्यालय, २७१९ बालविकास केन्द्र र आधारभूत तहमा १०,०५४ शिक्षक सङ्ख्या रहेको छ।

९.३ यस प्रदेशमा ५ वर्ष माथिको साक्षरता ६२.७७ प्रतिशत पुगेको छ। आधारभूत शिक्षामा खुद भर्नादर ९३ प्रतिशत र माध्यमिक शिक्षा तहमा खुद भर्नादर ४६ प्रतिशत रहेको छ

९.४ कर्णाली प्रदेशमा पूर्ण खोप प्राप्त गर्ने बालबालिका ८७.३ प्रतिशत, परिवार नियोजन साधन प्रयोगदर ३५ प्रतिशत, प्रोटोकल अनुसार चार पटक गर्भ जाँच गराउने ७५.२ प्रतिशत, दक्ष प्रसूतिकर्मीबाट प्रसूति ६९.१ प्रतिशत रहेको छ।

**तालिका ९.१: कर्णाली प्रदेशमा सामाजिक क्षेत्रका केही प्रमुख सूचकहरूको तुलनात्मक अवस्था**

| सूचक | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ |
|---|---|---|---|
| जम्मा कार्यरत स्वास्थ्यकर्मी सङ्ख्या (स्थानीय समेत) | २४०४ | २२०१ | २६०८ |
| पूर्ण खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत | ७९ | ७० | ८७.३ |
| कम तौल भएका २ वर्ष मूनिका बालबालिकाको प्रतिशत | ६ | ५ | ३.५ |
| ५ वर्षमूनिको मृत्यु सङ्ख्या | १३६ | १८६ | १३१ |
| जम्मा मातृ मृत्यु सङ्ख्या | १३ | १३ | २२ |
| परिवार नियोजन साधन प्रयोगदर(प्रतिशत) | ३५.३ | ३४.८ | ३४.८४ |
| ४ पटक गर्भ जाँच गराउने प्रतिशत | ६२ | ६६.२ | ७५.२ |
| संस्थागत प्रसूति प्रतिशत | ७३ | ६८.७५ | ८६.६ |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति भएको प्रतिशत | ५९ | ५६ | ६९.१ |

| सूचक | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ |
|---|---|---|---|
| जम्मा क्षयरोगका बिरामी सङ्ख्या | १४६७ | ११२३ | १२०१ |
| जम्मा कुष्ठरोगका बिरामी सङ्ख्या | १०३ | ७८ | ८३ |
| जम्मा एच.आई.भी संक्रमित सङ्ख्या | ५९० | ४७३ | ६५१ |
| जम्मा कोभिड १९ संक्रमित सङ्ख्या | ० | १७१४ | १८२०४ |
| अस्पतालमा आकस्मिक सेवा लिएको जनसङ्ख्या प्रतिशत | ४.१ | २.६ | ३.२ |
| अस्पतालमा अन्तरंग सेवा लिएका जनसङ्ख्या प्रतिशत | १०.२ | ५.४ | २३.७ |
| महिला साक्षरता प्रतिशत | - | ५२.८७ | - |
| जम्मा साक्षरता प्रतिशत | - | ६२.५ | - |
| आधारभूत तह (१-८)मा खुद भर्नादर | - | ९३.४ | - |
| माध्यमिक तहमा खुद भर्नादर | - | ४६.४ | - |
| जम्मा विद्यार्थी सङ्ख्या बालविकास केन्द्र | - | ५८१५८ | - |
| जम्मा विद्यार्थी सङ्ख्या कक्षा १-५ | | ३११२३१ | |
| जम्मा विद्यार्थी सङ्ख्या कक्षा ६-८ | - | १४४३२१ | - |
| जम्मा विद्यार्थी सङ्ख्या कक्षा ९-१२ | - | १२६६६४ | - |
| जम्मा विद्यार्थी सङ्ख्या प्राविधिक शिक्षा | - | ११४० | - |
| जम्मा विद्यार्थी सङ्ख्या उच्च शिक्षा | - | १२०१५ | - |
| छोटो अवधिको विभिन्न सीपमूलक तालिम प्राप्त सङ्ख्या | - | ३३७३ | - |
| वैदेशिक रोजगारीमा जानेहरुलाई परामर्श सहयोग व्यक्ति सङ्ख्या | ५४४ | १६८७ | - |
| बैङ्क खाता खोलिएका छोरीहरूको सङ्ख्या | - | ७२०० | १२५०० |
| हिंसा प्रभावित महिला/बालबालिकालाई सेवा प्रदान सङ्ख्या | - | १४६७ | - |
| पुनर्स्थापन केन्द्र मार्फत संरक्षण र उद्धार गरिएको सङ्ख्या | - | २४२ | - |
| डिजिटल प्रोफाइलमा सूचीकृत गरिएका गै.स.स संस्थाहरु | - | २७९ | - |
| सडक बालबालिकाहरूको सङ्ख्या | ४३ | १८ | - |

*स्रोतः समाजिक विकास मन्त्रालय*

**जनसांख्यिक संरचना**

९.५ नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० रहेको छ। जनसङ्ख्याको वार्षिक वृद्धिदर ०.९३ प्रतिशत रहेको छ। नेपालको कुल जनसङ्ख्यामा १ करोड ४२ लाख ९१ हजार ३ सय ११ अर्थात ४८.९६ प्रतिशत पुरुष र १ करोड ४९ लाख १ हजार १ सय ६९ अर्थात ५१.०४ प्रतिशत महिला रहेको छ। लैङ्गिक अनुपात ९५.९१ रहेको छ।

९.६ कर्णाली प्रदेशको कुल जनसङ्ख्या १६ लाख ९४ हजार ८ सय ८९ रहेको छ भने दश वर्षको अवधिमा कर्णाली प्रदेशको जनसङ्ख्या ७.९३ प्रतिशतले बढेको छ।यस प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर ०.७३ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको कुल जनसङ्ख्यामा ८ लाख २८ हजार ३ सय ७ अर्थात ४८.८७ प्रतिशत पुरुष र ८ लाख ६६ हजार ५ सय ८२ अर्थात ५१.१३ प्रतिशत महिला रहेको छ भने लैङ्गिक अनुपात ९५.५८ रहेको छ ।

९.७ कर्णाली प्रदेशका जिल्लाहरु मध्ये सबैभन्दा बढी लैङ्गिक अनुपात हुम्ला जिल्लामा १०१.७० र सबैभन्दा कम लैङ्गिक अनुपात दैलेख जिल्लामा ९२.४३ रहेको छ। कर्णाली प्रदेशका १० जिल्लाहरु मध्ये सबैभन्दा बढी जनसङ्ख्या सुर्खेत जिल्लामा र सबैभन्दा कम जनसङ्ख्या डोल्पा जिल्लामा रहेको छ। विगत १० वर्षमा सबैभन्दा बढी जनसङ्ख्या वृद्धि मुगु जिल्लामा भएको छ भने दैलेख र सल्यानमा जनसङ्ख्या घटेको छ।

९.८ कर्णाली प्रदेशमा परिवारको सङ्ख्या ३ लाख ७१ हजार १ सय २५ रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार कर्णाली प्रदेशमा परिवारको सङ्ख्या २ लाख ९८ हजार ३ सय ५९ रहेको थियो। कर्णाली प्रदेशमा विगत १० वर्षको अवधिमा सबैभन्दा बढी घर परिवार सङ्ख्या बृद्धि हुने जिल्ला सुर्खेत रहेको छ भने सबैभन्दा कम घर परिवार सङ्ख्या बृद्धि हुने जिल्ला दैलेख रहेको छ।

९.९ कर्णाली प्रदेशमा शहरी जनसङ्ख्या ६६.०८ प्रतिशत रहेको छ भने ग्रामीण जनसङ्ख्या ३३.९२ प्रतिशन रहेको छ।

९.१० कर्णाली प्रदेशका २५ नगरपालिकाहरु मध्ये सबैभन्दा बढी १ लाख ५४ हजार ८ सय ८६ जनसङ्ख्या वीरेन्द्रनगर नगरपालिकामा र सबैभन्दा कम १० हजार १ सय ८७ जनसङ्ख्या ठुलीभेरी नगरपालिकामा रहेको छ।

**कोभिड-१९ महामारी नियन्त्रण, रोकथाम तथा उपचार**

९.११ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८, कोभिड-१९ कन्टिन्जेन्सी योजना, २०७८ तयारी तथा कार्यान्वयनमा रहेको छ।

९.१२ आर्थिक वर्ष २०७७/७८ सम्म कोभिड-१९ महामारीको सङ्क्रमण, रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रदेशका मन्त्रालय/निकायहरुलाई विनियोजन भएको बजेट रु. ८३ करोड ५६ लाख ८० हजार मध्ये ५७ करोड ८ लाख ३६ हजार खर्च भएको छ। यसैगरी कोभिड-१९ महामारी नियन्त्रण तथा उपचारका लागि स्थानीय तहलाई रु. १३ करोड ७७ लाख २० हजार वित्तीय हस्तान्तरण गरिएको थियो।

### तालिका ९.२: कोभिड-१९ संग सम्बन्धित जिल्लागत विवरण (आर्थिक वर्ष २०७७/७८)

| जिल्ला | जम्मा परीक्षण सङ्ख्या | जम्मा संक्रमित सङ्ख्या | सङ्क्रमण दर (प्रतिशत) | डिस्चार्ज सङ्ख्या | जम्मा मृत्यु सङ्ख्या | मृत्युदर | आईसोलेसनमा रहेका सङ्ख्या | आईसोलेसन बेड सङ्ख्या | भेन्टीलेटर सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| डोल्पा | ३६२६ | ३१६ | ८.७१ | ३१५ | ५ | १.५८ | ७ | ११० | १ |
| मुगु | ६१२० | ८६५ | १४.१३ | ६०९ | ३ | ०.३५ | १०४ | ४५ | १ |
| हुम्ला | ४३१५ | ३८९ | ९.०२ | ३५० | ४ | १.०३ | २८ | ५० | २ |
| जुम्ला | १६४६१ | १२६९ | ७.७१ | १२६० | ११ | ०.८७ | ७१ | ४३० | १५ |
| कालिकोट | ९८९४ | १९५३ | १९.७४ | १५४३ | ५ | ०.२६ | ४४ | २७५ | ४ |
| दैलेख | १७६३८ | ३८४१ | २१.७८ | ३३५८ | २४ | ०.६२ | ५१ | २२५ | २ |
| जाजरकोट | १११८३ | १८१३ | १६.२१ | १८०९ | ३ | ०.१७ | ५२ | ९१ | १ |
| रूकुम पश्चिम | १६८१३ | २७९२ | १६.६१ | २४४७ | ३२ | १.१५ | १२६ | १७४ | १ |
| सल्यान | १२७६२ | ३०७१ | २४.०६ | २५११ | ५२ | १.६९ | १०० | ५६ | २ |
| सुर्खेत | ५१३८८ | १२०५६ | २३.४६ | ११७६१ | २०१ | १.६७ | १९७ | ६८८ | १० |
| अन्य प्रदेश | - | ९३३ | - | - | ४ | ०.४३ | ० | ० | ० |
| जम्मा | १५०२०० | २९२९८ | १९.५१ | २७०३३ | ३४४ | १.१७ | ७८० | २१४४ | ३९ |

*स्रोत: सामाजिक विकास मन्त्रालय*

## अन्य महामारी नियन्त्रण तथा प्रकोप व्यवस्थापन

९.१३ आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशमा बाढी, पहिरो, आगलागी जस्ता ३७७ घटना भई ७४ जनाको मृत्यु भएको थियो भने ८३ जना घाइते भएका थिए।

**तालिका ९.३: कर्णाली प्रदेशका जिल्लाहरुमा विभिन्न प्रकोप तथा घटनाबाट मृत्यु तथा घाइतेहरुको सङ्ख्या**

| बाढी, पहिरो, आगलागी जस्ता घटनाको जिल्लागत मृत्यु र घाईतेहरूको सङ्ख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | घटना सङ्ख्या | मृत्यु सङ्ख्या | | | घाईते सङ्ख्या | | | कै. |
| | | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | |
| सुर्खेत | ७६ | २ | ३ | ५ | ५ | ८ | १३ | |
| दैलेख | ४० | ३ | १ | ४ | ७ | ८ | १५ | |
| सल्यान | ५४ | २ | १ | ३ | २ | ५ | ७ | |
| रूकुम-पश्चिम | १२ | २ | २ | ४ | ० | ० | ० | |
| जाजरकोट | ३३ | ५ | १ | ६ | १० | १ | ११ | |
| कालिकोट | ३० | २५ | २६ | ५१ | १५ | १३ | २८ | |
| जुम्ला | २३ | ० | ० | ० | ४ | ० | ४ | |
| मुगु | ४२ | २ | ० | २ | २ | १ | ३ | |
| डोल्पा | १० | १ | ० | १ | ० | १ | १ | |
| हुम्ला | ५७ | ० | ० | ० | १ | ० | १ | |
| **जम्मा** | **३७७** | **४२** | **३४** | **७४** | **४६** | **३७** | **८३** | |

***स्रोतः*** *प्रदेश आकस्मिक स्वास्थ्य केन्द्र*

९.१४ आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशमा २९१ सडक दुर्घटना भएका थिए। सबैभन्दा बढी सडक दुर्घटना सुर्खेतमा र सबैभन्दा कम सडक दुर्घटना हुम्ला जिल्लामा भएका थिए।

### तालिका ९.४: सडक दुर्घटना सम्बन्धी जिल्लागत विवरण

| जिल्ला | सडक दुर्घटना सङ्ख्या | मृत्यु | | घाईते | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | पुरूष | महिला | |
| सुर्खेत | १०४ | १६ | ६ | १०८ | ३७ | १४५ |
| दैलेख | २५ | १० | १ | २६ | ८ | ३४ |
| सल्यान | ३१ | ९ | १ | ५६ | २६ | ८२ |
| रूकुम-पश्चिम | २३ | ५ | १ | १७ | ६ | २३ |
| जाजरकोट | १८ | १० | २ | १३ | ७ | २० |
| कालिकोट | १९ | ५ | १ | १४ | १ | १५ |
| जुम्ला | २१ | ६ | ० | ३९ | ९ | ४८ |
| मुगु | ३९ | १३ | ३ | ३० | १८ | ४८ |
| डोल्पा | ८ | ३ | १ | ५ | ४ | ९ |
| हुम्ला | ३ | ४ | १ | ६ | १३ | १९ |
| **जम्मा** | **२९१** | **८१** | **१७** | **३१४** | **१२९** | **४४३** |

*स्रोत: प्रदेश आकस्मिक स्वास्थ्य केन्द्र*

# १०. सार्वजनिक सेवा र सुशासन

सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज तथा छरितो बनाइ सूचना प्रविधिको प्रयोग बढाउन सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गरिदै लगिएको छ। सार्वजनिक प्रशासनलाई नतिजामुखी बनाइ राष्ट्र निर्माण र विकास प्रति प्रतिबद्ध एवम् सक्षम बनाउने प्रयास गरिएको छ। यस प्रदेश र स्थानीय तहका संगठन एवम् व्यवस्थापन अध्ययन गरी सोको आधारमा संगठन संरचना र जनशक्ति निर्धारण गरिएको छ। शासकीय निर्णयहरु तथा कार्यान्वयन प्रकृयालाई पारदर्शी बनाउन नियमित सूचना प्रवाह, सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण जस्ता नवीन शासकीय उपक्रमहरु सञ्चालन गर्ने सुशासन प्रत्याभूत गर्ने कर्णाली प्रदेश सरकारको नीति रहेको छ।

१०.१ प्रदेश सरकार स्थापना भएपश्चात समग्र कर्णाली प्रदेशको सुशासन प्रबर्द्धनको लागि कर्णाली प्रदेश सुशासन ऐन, २०७६, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लगायतका ऐनहरु र नियमावलीहरु तर्जुमा गरी कार्यान्वयन गरेको छ।

१०.२ प्रदेश सरकारले सुशासनका कार्य अघि बढाउन आफ्नै प्रहरी प्रशासन संरचनाको तयारी, केन्द्रीय प्रहरी प्रशासनसँग समन्वय र सहकार्य, विपद् व्यवस्थापन, सामाजिक न्याय र समावेशीतालाई कानुनतः सुनिश्चितता प्रदान गर्न कार्यहरु गरेको छ।

१०.३ प्रदेशको सन्तुलित र समष्टिगत विकासका लागि आवश्यक नीति तथा रणनीतिक योजना बनाउन र नीति निर्माणमा प्रदेश सरकारलाई सहयोग गर्न कर्णाली प्रदेश योजना आयोग गठन भएको छ। उक्त आयोगले कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा रहेको छ।

१०.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश अन्तर्गतको प्रदेश सुशासन केन्द्र (PCGG) ले प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुका लागि क्षमता विकासको आवश्यकता पहिचान गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने, प्रदेश र स्थानीय तहमा सुशासन प्रवर्द्धनका लागि आवश्यकता अनुसार अध्ययन, अनुसन्धान र परामर्श सम्बन्धी कार्य गर्ने, प्रदेश तथा स्थानीय तहको आवधिक योजना, रणनैतिक योजना, क्षमता विकास योजना, राजस्व सुधार योजना निर्माणमा सहजीकरण गर्ने उद्धेश्यहरु राख्दै प्रदेशको सुशासन सबलीकरण गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

**सामान्य प्रशासन**

१०.५ यस प्रदेशको प्रशासन सञ्चालनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ८ वटा मन्त्रालयहरु लगायत, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग प्रदेश लेखा नियन्त्रक कार्यालय लगायतका संस्थागत प्रबन्ध गरिएको छ।

१०.६ यस प्रदेशमा २५ नगरपालिका र ५४ गाउँपालिका गरी ७९ वटा स्थानीय तहहरु रहेका छन्। यस प्रदेशमा जम्मा वडा सङ्ख्या ७१८ छन्।

१०.७ यस प्रदेश अन्तर्गतका मन्त्रालय/ निकाय/कार्यालयहरुको जम्मा स्वीकृत दरबन्दी सङ्ख्या २८४५ मध्ये १७२१ पदपूर्ति भएको र पदपूर्ति हुन बाँकी ११२४ सङ्ख्या रहेको छ। प्रदेश लोकसेवा आयोगको गठन भई चालु आर्थिक वर्षबाट पदपूर्तिका लागि विज्ञापन आह्वान भइ काम कारबाही शुरु भएको छ।

१०.८ वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ स्वीकृत गरी सार्वजनिक वित्त र सेवा प्रवाहको आवधिकरुपमा मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिएको छ।

१०.९ कर्णाली प्रदेशमा वित्तीय सुशासन कायम गर्न बेरुजुको अभिलेख अद्यावधिक, फछ्र्यौट र सम्परीक्षण कार्यलाई प्रभावकारी बनाउने प्रयासको थालनी गरिएको छ।

# अनुसूचीहरु

## अनुसूची-१

### औद्योगिक वर्गीकरण अनुसार कर्णाली प्रदेशको वार्षिक कुल मूल्य अभिवृद्धि (GVA) (प्रचलित मुल्यमा)

| उद्योगहरुको वर्गीकरण | कर्णाली प्रदेशको वार्षिक मूल्य अभिवृद्धि (GVA) | | | | कुल राष्ट्रिय वार्षिक मूल्य अभिवृद्धि(GVA) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ संशोधित | २०७८/७९ प्रारम्भिक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ संशोधित | २०७८/७९ प्रारम्भिक |
| कृषि, वन र मत्स्य | ४३९८० | ४५८७३ | ४८३२५ | ५२७३० | ८३२८८७ | ८६२५१८ | ९११९१६ | ९८३२३३ |
| खानी र उत्खनन | ७९१ | ३०७ | ३२३ | ३५९ | २१९९९ | २०४४३ | २१५३३ | २३९६० |
| उद्योग | १५७४ | १५२६ | १७२९ | १९६७ | १९२२३० | १७४०१४ | १९९५६२ | २३१७७२ |
| बिजुली, ग्याँस, वाष्प तथा वातानुकूलिन आपूर्ति सेवा | ३९९ | ४५७ | ४८४ | ५४५ | ३३८५९ | ४०३७५ | ४१७८३ | ५६३८१ |
| पानी आपूर्ति, ढल निकास, फोहोर व्यस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | ११११ | ११३४ | ११६२ | ११७६ | १९७२४ | २०१२४ | २०६२५ | २०९९५ |
| निर्माण | १२८६६ | १२२१० | १२४६० | १४४९५ | २३४२६१ | २१३५३० | २१७९०६ | २५३४९६ |
| थोक र खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ९४१४ | ८८०४ | ९९९० | ११५०७ | ५४३०४५ | ५१४९७७ | ५८४३९० | ६७३१३८ |
| यातायात तथा भण्डारण | ३४१६ | २८५५ | ३१०९ | ३८८५ | २१५७९७ | १८०३२३ | १९६३६८ | २४५४१४ |
| आवास तथा भोजन सेवा | ४२४५ | २८३० | ३२९८ | ३८१३ | ७५६५० | ५०४३३ | ५८७७९ | ६७९४५ |
| सूचना तथा संचार | २१०८ | २१८९ | २३०९ | २४३८ | ७४१२२ | ७६९५६ | ८११७२ | ८५७१४ |
| वित्तीय तथा बीमा सेवा | १९२३ | २५८९ | २९५२ | ३२९५ | २०७१३४ | २४१९४५ | २५६७२४ | २८१६०९ |
| घरजग्गा कारोवारको सेवा | २४८७ | २७१६ | २८०० | ३२३६ | २९५७१५ | ३२२९५६ | ३३२९९२ | ३६०६९९ |

| उद्योगहरुको वर्गीकरण | कर्णाली प्रदेशको वार्षिक मूल्य अभिवृद्धि (GVA) | | | | कुल राष्ट्रिय वार्षिक मूल्य अभिवृद्धि(GVA) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ संशोधित | २०७८/७९ प्रारम्भिक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ संशोधित | २०७८/७९ प्रारम्भिक |
| पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलापहरु | ४७६ | ५१५ | ५४० | ५९३ | ३२७२३ | ३५३५२ | ३७०९७ | ४०७३५ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | २५६ | २७९ | २९३ | ३२३ | २५४७१ | २७७७१ | २९१२१ | ३२१६९ |
| सार्वनिक प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | २४२८८ | ३०७४३ | ३१९६५ | ३५२५८ | २१८५७१ | २७६६६० | २८७६५६ | ३१७२८८ |
| शिक्षा | १९६७९ | २२५४१ | २३१८१ | २५९७७ | २५१५८६ | २८८४५९ | २९६६६४ | ३३२४४२ |
| स्वास्थ्य तथा सामाजिक कार्य र अन्य सेवाका क्रियाकलाप | ३३५८ | ४०६९ | ४४०३ | ४९६९ | ४९७७६ | ६०३२८ | ६५२७९ | ७३६५८ |
| कला तथा मनोरञ्जन, अन्य सेवा क्रियाकलापहरु र रोजगारदाता घरपरिवारका क्रियाकलापहरु र आफ्नो उपयोगको लागि घरपरिवारको वस्तु तथा सेवा उत्पादनका क्रियाकलापहरु | ६०७ | ७२३ | ७७६ | ८४२ | १७९३३ | २१३६३ | २२९३३ | २४८९४ |
| आधारभूत मूल्यमा कुल गार्हस्थ उत्पादन (GDP) | १३२९७९ | १४२३५८ | १५०१०० | १६७४०८ | ३३४२४८१ | ३४२८५२५ | ३६६२४९८ | ४१०५५४२ |
| उत्पादित वस्तुमा खुद कर | १८९१३ | १९१६९ | २५४५८ | ३०५८९ | ५१६४५० | ४६०१७९ | ६१४८०४ | ७४६०८३ |
| कुल गार्हस्थ उत्पाद (GDP) | १५१८९२ | १६१५२७ | १७५५५८ | १९७९९८ | ३८५८९३१ | ३८८८७०४ | ४२७७३०२ | ४८५१६२५ |

***स्रोत:*** *केन्द्रीय तथ्याङ्क विभाग*

## अनुसूची-२
## औद्योगिक वर्गीकरण अनुसार कर्णाली प्रदेशको वार्षिक कुल गार्हस्थ्य उत्पादनको संरचना

| उद्योगहरुको वर्गीकरण | कर्णाली प्रदेशको वार्षिक कुल गार्हस्थ उत्पादनको संरचना (प्रचलित मूल्यमा) प्रतिशतमा | | | |
|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ संशोधित | २०७८/७९ प्रारम्भिक |
| कृषि, वन र मत्स्य | ५.३ | ५.३ | ५.३ | ५.४ |
| खानी र उत्खनन | ३.६ | १.५ | १.५ | १.५ |
| उद्योग | ०.८ | ०.९ | ०.९ | ०.८ |
| बिजुली, ग्याँस, वाष्प तथा वातानुकूलिन आपूर्ति सेवा | १.२ | १.१ | १.२ | १.० |
| पानी आपूर्ति, ढल निकास, फोहोर व्यस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | ५.६ | ५.६ | ५.६ | ५.६ |
| निर्माण | ५.५ | ५.७ | ५.७ | ५.७ |
| थोक र खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | १.७ | १.७ | १.७ | १.७ |
| यातायात तथा भण्डारण | १.६ | १.६ | १.६ | १.६ |
| आवास तथा भोजन सेवा | ५.६ | ५.६ | ५.६ | ५.६ |
| सूचना तथा संचार | २.८ | २.८ | २.८ | २.८ |
| वित्तीय तथा बीमा सेवा | ०.९ | १.१ | १.२ | १.२ |
| घरजग्गा कारोवारको सेवा | ०.८ | ०.८ | ०.८ | ०.९ |
| पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलापहरु | १.५ | १.५ | १.५ | १.५ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | १.० | १.० | १.० | १.० |
| सार्वनिक प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ११.१ | ११.१ | ११.१ | ११.१ |
| शिक्षा | ७.८ | ७.८ | ७.८ | ७.८ |
| स्वास्थ्य तथा सामाजिक कार्य र अन्य सेवाका क्रियाकलाप | ६.७ | ६.७ | ६.७ | ६.७ |
| कला तथा मनोरञ्जन, अन्य सेवा क्रियाकलापहरु र रोजगारदाता घरपरिवारका क्रियाकलापहरु र आफ्नो उपयोगको लागि घरपरिवारको वस्तु तथा सेवा उत्पादनका क्रियाकलापहरु | ३.४ | ३.४ | ३.४ | ३.४ |

**स्रोतः** *केन्द्रीय तथ्याङ्क विभाग*

## अनुसूची-३

## औद्योगिक वर्गीकरण अनुसार कर्णाली प्रदेशको वार्षिक कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा, प्रचलित मुल्यमा)

| उद्योगहरुको वर्गीकरण | कर्णाली प्रदेशको वार्षिक कुल गार्हस्थ उत्पादनको संरचना (प्रचलित मूल्यमा) प्रतिशतमा | | | | कुल राष्ट्रिय वार्षिक गार्हस्थ उत्पादनको संरचना (प्रचलिन मूल्यमा) प्रतिशतमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ संशोधित | २०७८/७९ प्रारम्भिक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ संशोधित | २०७८/७९ प्रारम्भिक |
| कृषि, वन र मत्स्य | ३३.१ | ३२.२ | ३२.२ | ३१.५ | २४.९ | २५.२ | २४.९ | २३.९ |
| खानी र उत्खनन | ०.६ | ०.२ | ०.२ | ०.२ | ०.७ | ०.६ | ०.६ | ०.६ |
| उद्योग | १.२ | १.१ | १.२ | १.२ | ५.८ | ५.१ | ५.४ | ५.६ |
| बिजुली, ग्याँस, वाष्प तथा वातानुकूलिन आपूर्ति सेवा | ०.३ | ०.३ | ०.३ | ०.३ | १.० | १.२ | १.१ | १.४ |
| पानी आपूर्ति, ढल निकास, फोहोर व्यस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | ०.८ | ०.८ | ०.८ | ०.७ | ०.६ | ०.६ | ०.६ | ०.५ |
| निर्माण | ९.७ | ८.६ | ८.३ | ८.७ | ७.० | ६.२ | ५.९ | ६.२ |
| थोक र खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ७.१ | ६.२ | ६.७ | ६.९ | १६.२ | १५.० | १६.० | १६.४ |
| यातायात तथा भण्डारण | २.६ | २.० | २.१ | २.३ | ६.५ | ५.३ | ५.४ | ६.० |
| आवास तथा भोजन सेवा | ३.२ | २.० | २.२ | २.३ | २.३ | १.५ | १.६ | १.७ |
| सूचना तथा संचार | १.६ | १.५ | १.५ | १.५ | २.२ | २.२ | २.२ | २.१ |
| वित्तीय तथा बीमा सेवा | १.४ | १.८ | २.० | २.० | ६.२ | ७.१ | ७.० | ६.९ |
| घरजग्गा कारोवारको सेवा | १.९ | १.९ | १.९ | १.९ | ८.८ | ९.४ | ९.१ | ८.८ |
| पेशागत, वैज्ञानिक र प्राविधिक क्रियाकलापहरु | ०.४ | ०.४ | ०.४ | ०.४ | १.० | १.० | १.० | १.० |

| उद्योगहरुको वर्गीकरण | कर्णाली प्रदेशको वार्षिक कुल गार्हस्थ उत्पादनको संरचना (प्रचलित मूल्यमा) प्रतिशतमा | | | | कुल राष्ट्रिय वार्षिक गार्हस्थ उत्पादनको संरचना (प्रचलिन मूल्यमा) प्रतिशतमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ संशोधित | २०७८/७९ प्रारम्भिक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ संशोधित | २०७८/७९ प्रारम्भिक |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.८ | ०.८ | ०.८ | ०.८ |
| सार्वनिक प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | १८.३ | २१.६ | २१.३ | २१.१ | ६.५ | ८.१ | ७.९ | ७.७ |
| शिक्षा | १४.८ | १५.८ | १५.४ | १५.५ | ७.५ | ८.४ | ८.१ | ८.१ |
| स्वास्थ्य तथा सामाजिक कार्य र अन्य सेवाका क्रियाकलाप | २.५ | २.९ | २.९ | ३.० | १.५ | १.८ | १.८ | १.८ |
| कला तथा मनोरञ्जन, अन्य सेवा क्रियाकलापहरु र रोजगारदाता घरपरिवारका क्रियाकलापहरु र आफ्नो उपयोगको लागि घरपरिवारको वस्तु तथा सेवा उत्पादनका क्रियाकलापहरु | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.६ | ०.६ | ०.६ |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

**स्रोतः** *केन्द्रीय तथ्याङ्क विभाग*

अनुसूची-४

## कर्णाली प्रदेश सरकारको बजेट सम्बन्धी विवरण

(रकम रु. हजारमा)

| क्र. सं. | अनुदानको प्रकार | आर्थिक वर्ष २०७४/७५ मा विनियोजित रकम | आर्थिक वर्ष २०७५/७६ मा विनियोजित रकम | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित रकम | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित रकम | आर्थिक वर्ष २०७८/७९ मा विनियोजित रकम |
|---|---|---|---|---|---|---|
| १ | सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १०२०५०० | ९१३१४०० | ९८४८३०० | ९६३२९०० | १०१४२१०० |
| २ | सङ्घीय सरकारबाट राजस्व बाँडफाँट बापत प्राप्त अनुदान | | ५५१६६१५ | ७४४४३०० | ७३९५६०० | ७४४७७०० |
| ३ | सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदान | | ६६३४१५० | ५२७२७०० | ४४९११०० | ३९८७७०० |
| ४ | सङ्घीय सरकारबाट प्राप्त समपूरक अनुदान | | ५०००००० | १८१२२०० | २५२५०० | ८१३५०० |
| ५ | सङ्घीय सरकारबाट प्राप्त विशेष अनुदान | | | | ४६०००० | ६१३००० |
| ६ | बैदेशिक सहायता बापत प्राप्त अनुदान | | | | १७६१५ | २०९५५ |
| ७ | चालु आ. व. को खर्च नभई बाँकी रकम (नगद मौज्दात) | | ५००६६३ | ८९४७४८४ | १११९०९८५ | १२९२१६८१ |
| ८ | आन्तरिक राजस्व वापत प्राप्त रकम | | ५००००० | २५१०४१ | ३००६५३ | ६००००० |
| ९ | आन्तरिक ऋण वापत प्राप्त हुने रकम | | १०००००० | ७५०००० | | |
| १० | प्राकतिक श्रोतको रोयल्टी बाँडफाँट प्राप्त हुने रकम | | | २७४०० | | |
| | **जम्मा वजेट रकम (रु.हजारमा)** | **१०२०५००** | **२८२८२८२८** | **३४३५३४२५** | **३३७४१३५३** | **३६५४६६३६** |

**स्रोतः** *आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश*

## अनुसुची-५

# कर्णाली प्रदेश सरकारको मन्त्रालयगत बजेट सम्बन्धी विवरण

(रकम रु. हजारमा)

| क्र.सं. | मन्त्रालय/कार्यालयको नाम | आर्थिक वर्ष २०७४/७५ मा विनियोजित चालु रकम | आर्थिक वर्ष २०७४/७५ मा विनियोजित पूँजीगत रकम | आर्थिक वर्ष २०७४/७५ मा विनियोजित रकम | आर्थिक वर्ष २०७५/७६ मा विनियोजित चालु रकम | आर्थिक वर्ष २०७५/७६ मा विनियोजित पूँजीगत रकम | आर्थिक वर्ष २०७५/७६ मा विनियोजित रकम | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित चालु रकम | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित पूँजीगत रकम | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित रकम | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित चालु रकम | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित पूँजीगत रकम | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित रकम | आर्थिक वर्ष २०७८/७९ मा विनियोजित चालु रकम | आर्थिक वर्ष २०७८/७९ मा विनियोजित पूँजीगत रकम | आर्थिक वर्ष २०७८/७९ मा विनियोजित रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश व्यवस्थापिका | ३७०६५ | २५६०० | ६२६६५ | १४६५४० | | १४६५४० | १२३१७६ | ४१८०० | १६४९७६ | १००११३ | ८०० | १००९१३ | ११२९४२ | ३७५७५ | १५०५१७ |
| २ | प्रदेश लोकसेवा आयोग | | | | | | | २७०३६ | १७२६ | २९७६१ | २७०३६ | १७२५ | २८७६१ | ६७३३९ | २५२७५ | ९२६१४ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ८५० | ४०० | १२५० | १३१५४ | ३५०० | १६६५४ | १११८८ | ५०७५ | १६२६३ | १०७९० | | १०७९० | १२५३१ | ५८०० | १८३३१ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४२४५९ | १०५०० | ५२९५९ | १५६९३९ | ८००२०० | ९५७१३९ | १७८८२७८ | ३४९३३५० | ५२८१६२८ | २४१८६७२ | ३७६५९९६ | ६१८४६६८ | २४३०६९१ | २०६७९७५ | ४४९८६६६ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १९६८५६ | १८२७९७ | ३७९६५३ | ९२९७५३ | ७१३९२५० | ८०६९००३ | १०६१२३ | २२५४७ | १२८६७० | १०९११८ | ३६२३५ | १४५३५३ | १५१५९१ | ९१९६५ | २४३५५६ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २८२६५ | ५५१५० | ८३४१५ | ८४८१९९ | १७८२५०० | २६३०६९९ | १०८१४८१ | १७८४२६२ | २८६५७४३ | १२६६१३० | १०११३५० | २२७७४८० | ९२५८२५ | १५१३९५० | २४३९७७५ |
| ७ | जलश्रोत तथा उर्जा विकास मन्त्रालय | | | | | | | | | | | | | ७९३६६ | २२७०३०० | २३४९६६६ |
| ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३५२७७ | ६५५०० | १००७७७ | ७८५७६४ | १७६७५०० | २५५३२६४ | २३३६५२९ | १०९४०५० | ३४३०५७९ | २१८६९३१ | ५१४९६५ | २७०१८९६ | २३२२२२४ | ६६११०६ | २९८३३३० |
| ९ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३६६२० | १३५०० | ५०१२० | ७८५८० | ९३५२०० | १०१३७८० | २८८४२४ | ४११५०० | ६९९९२४ | १२७१०३ | २९०५५० | ४१७६५३ | ४०१५९० | २८८५५० | ६९०१४० |

| क्र.सं. | मन्त्रालय/कार्यालयको नाम | आर्थिक वर्ष २०७४/७५ मा विनियोजित चालु रकम | आर्थिक वर्ष २०७४/७५ मा विनियोजित पुँजीगत रकम | आर्थिक वर्ष २०७४/७५ मा विनियोजित रकम | आर्थिक वर्ष २०७५/७६ मा विनियोजित चालु रकम | आर्थिक वर्ष २०७५/७६ मा विनियोजित पुँजीगत रकम | आर्थिक वर्ष २०७५/७६ मा विनियोजित रकम | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित चालु रकम | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित पुँजीगत रकम | आर्थिक वर्ष २०७६/७७ मा विनियोजित रकम | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित चालु रकम | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित पुँजीगत रकम | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित रकम | आर्थिक वर्ष २०७८/७९ मा विनियोजित चालु रकम | आर्थिक वर्ष २०७८/७९ मा विनियोजित पुँजीगत रकम | आर्थिक वर्ष २०७८/७९ मा विनियोजित रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | २१६६६ | १८९९५० | २११६१६ | ४३४४३२६ | ५८८३६०० | १०२२७९२६ | ५५३७९२ | १०१५१०३१ | १०७०४८२३ | ५३८१६८ | १०७६८८५६ | ११३०७०२४ | ३५०११२ | ११९९३३९८ | १२३४३५१० |
| ११ | सामाजिक विकास मन्त्रालय | ४०२४५ | ३७८०० | ७८०४५ | ९७२७९९ | १६९५०२४ | २६६७८२३ | २९२५४७२ | १७७४७९७ | ४७००२६९ | ३८३०२५३ | १४२२०१४ | ५२५२२६७ | ३८८७३५२ | २१८८७१४ | ६०७६०६६ |
| १२ | कर्णाली प्रदेश योजना आयोग | | | | | | | ४५८७४ | १२६३५ | ५८५०९ | ३९९१८ | ६१३० | ४६०४८ | ४११६० | ९३०५ | ५०४६५ |
| १३ | अर्थ-वित्तीय व्यवस्था | | | | | | | | २०००००० | २०००००० | ७५०००० | | ७५०००० | | ५००००० | ५००००० |
| १४ | कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | | | | | | | १२०००० | | १२०००० | | | | | | |
| १५ | अर्थ-विविध | | | | | | | २८५२२८० | ५००००० | ३३५२२८० | १०२२००० | ५००००० | १५२२००० | | १०००००० | १०००००० |
| १६ | स्थानीय तह | | | | | | | ८००००० | | ८००००० | २९९६५०० | | २९९६५०० | | ३११०००० | ३११०००० |
| | **जम्मा रकम** | **४३९३०३** | **५८११९७** | **१०२०५००** | **८२७६०५४** | **२०००६७७४** | **२८२८२८२८** | **१३०५९६५३** | **२१२९२७७३** | **३४३५३४२५** | **१५४२२७३२** | **१८३१८६२१** | **३३७४१३५३** | **१०७८२७२३** | **२५७६३९१३** | **३६५४६६३६** |

**स्रोत:** *आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश*

## अनुसूची-६

## कर्णाली प्रदेश सरकारको चालु र पुँजीगत खर्चको विवरण(रकम रु.हजारमा)

| क्र. सं. | वजेट | २०७४/७५ मा विनियोजित रकम | २०७४/७५ मा खर्च | २०७५/७६ मा विनियोजित रकम | २०७५/७६ मा खर्च | २०७६/७७ मा विनियोजित रकम | २०७६/७७ मा खर्च | २०७७/७८ मा विनियोजित रकम | २०७७/७८ मा खर्च | २०७८/७९ मा विनियोजित रकम | २०७८/७९ चैत्रसम्म खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुँजिगत | ५८२०९७ | १११६४९ | २१२४४३४३ | ५४१५२४२ | १९४९८११७ | ९९४३१३३ | १९०६९१२१ | १३५७०४७२ | २१६५३९१३ | ४०२६०५२ |
| २ | चालु | ४३८४०३ | १२२६७५ | ६६३८४८५ | ४६०११०० | १३०५९६५३ | ६९३७०७२ | ११६७५७३२ | ८४७१५०२ | ११४९२७७० | ४०१४९९७ |
| ३ | वित्तीय हस्तान्तरण | | | ४००००० | | १७९५६५५ | | २९९६५०० | | ३३९९९५३ | |
| जम्मा (रु. हजारमा) | | १०२०५०० | २३४३२४ | २८२८२८२८ | १००१६३४२ | ३४३५३४२५ | १६८८०२०५ | ३३७४१३५३ | २२०४१९७४ | ३६५४६६३६ | ८०४१०४९ |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश*

## अनुसूची-७

## कर्णाली प्रदेश सरकारको आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (रकम रु.हजारमा)

| २०७५/७६ मा आन्तरिक राजस्वको लक्ष्य | २०७५/७६ मा राजस्व प्राप्ति | २०७६/७७ मा आन्तरिक राजस्वको लक्ष्य | २०७६/७७ मा राजस्व प्राप्ति | २०७७/७८ मा आन्तरिक राजस्वको लक्ष्य | २०७७/७८ मा राजस्व प्राप्ति | २०७८/७९ मा आन्तरिक राजस्वको लक्ष्य | २०७८ चैत्रसम्म राजस्व प्राप्ति |
|---|---|---|---|---|---|---|---|
| ५००००० | ७०३९९ | २५१०४१ | २३४४७४ | ३००६५३ | ६३९४९२ | ६००००० | ४४४३८२ |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश*